

# नेपाल प्रहरी रणनीतिक सम्मेलन प्रतिवेदन, २०८२

सञ्चालन मितिः २०८२ माघ २५ र २६ गते

नेपाल प्रहरी प्रधान कार्यालय

अन्वेषण योजना तथा विकास निर्देशनालय

श्रीमान् प्रहरी अतिरिक्त महानिरीक्षक राजन अधिकारीज्यू,
संयोजक, रणनीतिक सम्मेलन संयोजन तथा व्यवस्थापन समिति ।

विषयः प्रतिवेदन पेश गरिएको ।

उपरोक्त सम्बन्धमा नेपाल प्रहरीको व्यवस्थापन र परिचालनमा प्रभावकारिता अभिवृद्धि गर्दै जनअपेक्षा अनुरूपको सेवा प्रवाहको सुनिश्चितताको लागि दीर्घकालीन रणनीति र कार्यान्वयन योग्य कार्ययोजना निर्माण गर्न विज्ञ र नागरिक तह समेतबाट सुझाव र मार्गदर्शन प्राप्त गर्ने उद्देश्यले मिति २०८२/१०/२५ र २६ गते सम्पन्न भएको नेपाल प्रहरी रणनीतिक सम्मेलन २०८२ का निर्दिष्ट सत्रहरूमा विज्ञ एवम् सहभागीहरूबाट प्राप्त सुझाव र छलफलमा उठान भएका महत्वपूर्ण विषयहरूमा जोड दिइएका सान्दर्भिक पक्षहरूलाई समावेश गरी नेपाल प्रहरी प्रधान कार्यालय, मानवश्रोत विकास विभागको च.नं. ५४९, मिति २०८२/१०/११ गतेको पत्रानुसार गठित समितिले तयार पारेको नेपाल प्रहरी रणनीतिक सम्मेलन प्रतिवेदन श्रीमान् समक्ष पेश गर्दछौं ।

२०८२।११।१३

प्रहरी बरिष्ठ उपरीक्षक गोपाल चन्द्र भट्टराई
**(संयोजक)**
**(नेपाल प्रहरी रणनीतिक सम्मेल प्रतिवेदन तयारी समिति)**

मिति: २०८२/११/१३ गते ।

नेपाल सरकार
गृह मन्त्रालय
# नेपाल प्रहरी प्रधान कार्यालय
## मानवश्रोत विकास विभाग
(प्रशासन शाखा)

फोन:- ०१-५७१९९२
०१-५७१९९०
Ext: ५१२,५०४,५०
पो.ब.नं. ४०१
hrd@nepalpolice.gov.np

नक्साल, काठमाडौं

पत्र संख्या : (०८२/०८३)
प्रा.प.सं. :

च.नं. ४४९

मिति :२०८२/१०/१९ गते।
ने.स.:११४६

**विषय :- नेपाल प्रहरी रणनीतिक सम्मेलन प्रतिवेदन तयारी उपसमिति गठन गरिएको।**

**प्र.ब.उ. श्री गोपाल चन्द्र भट्टराई,**

**ने.प्र.प्र.का., प्र.म.नि.को सचिवालय, अन्वेषण योजना तथा विकास निर्देशनालय।**

प्रस्तुत विषयमा नेपाल प्रहरीको व्यवस्थापन र परिचालनमा प्रभावकारिता अभिवृद्धि गर्दै जनअपेक्षा अनुरूपको सेवा प्रवाहको सुनिश्चितताका लागि दीर्घकालिन रणनीति र कार्यान्वयन योग्य कार्ययोजना निर्माण गर्न विज्ञहरू र नागरिक तह समेतबाट सुझाव र मार्गदर्शन प्राप्त गर्ने उद्देश्यले यही मिति २०८२।१०।२५ र २६ गते नेपाल प्रहरीको रणनीतिक सम्मेलन आयोजना गर्न लागिएको हुँदा उक्त सम्मेलनको अवधारणा पत्रले निर्दिष्ट गरे बमोजिमका विषयहरूमा गहन अन्तर्क्रिया पश्चात प्राप्त हुने निष्कर्षलाई केन्द्रमा राख्दै सम्मेलनको दौरानमा विज्ञहरूबाट प्राप्त सुझाब, छलफलमा उठान भएका महत्वपूर्ण विषयहरूमा जोड दिइएका सान्दर्भिक पक्षहरूलाई समाबेश गरी रणनीतिक सम्मेलनका उपलब्धिहरूलाई समेटी तपाई प्रहरी बरिष्ठ उपरीक्षक गोपाल चन्द्र भट्टराईज्यूको संयोजकत्वमा देहाय बमोजिमको प्रतिवेदन तयारी उपसमिति गठन गरिएको व्यहोरा अनुरोध गरिएको छ।

**देहाय**

**१. रणनीतिक सम्मेलन प्रतिवेदन तयारी :**

| | |
|---|---|
| १. प्र.ब.उ. श्री गोपाल चन्द्र भट्टराई, नेप्रप्रका, अन्वेषण योजना तथा विकास निर्देशनालय, | संयोजक |
| २. प्र.ना.उ. श्री किरण जंग कुँवर, नेप्रप्रका, अन्वेषण योजना तथा विकास निर्देशनालय, | सदस्य |
| ३. प्र.ना.उ. श्री सन्तोष निरौला, नेप्रप्रका, प्रशासन शाखा, | सदस्य |
| ४. प्र.ना.उ. श्री ईश्वरी प्रसाद भण्डारी, नेप्रप्रका, मानवश्रोत विकास विभाग | सदस्य |
| ५. प्र.ना.उ. श्री शैलेश्वरी बोहरा, नेप्रप्रका, महिला बालबालिका तथा जेष्ठ नागरिक से.नि. | सदस्य |
| ६. प्र.नि. श्री नारायण थापा, नेप्रप्रका, मानवश्रोत विकास विभाग | सदस्य |
| ७. प्र.नि. श्री बिनोद सुवेदी, नेप्रप्रका, अन्वेषण योजना तथा विकास निर्देशनालय, | सदस्य |
| ८. प्र.नि. श्री मन्दिप चौहान, नेप्रप्रका, अन्वेषण योजना तथा विकास निर्देशनालय | सदस्य |
| ९. प्र.नि. श्री धन कुमारी राई, नेप्रप्रका, अन्वेषण योजना तथा विकास निर्देशनालय | सदस्य |

**बोधार्थ:**

श्री नेपाल प्रहरी प्रधान कार्यालय, प्रमनिको सचिवालय,
श्री नेपाल प्रहरी प्रधान कार्यालय, मानवश्रोत विकास विभाग,
श्री नेपाल प्रहरी प्रधान कार्यालय,अपराध अनुसन्धान विभाग,
श्री नेपाल प्रहरी प्रधान कार्यालय, प्रशासन शाखा।

**राजन अधिकारी**
**(प्रहरी अतिरिक्त महानिरीक्षक)**
**रणनीतिक सम्मेलन संयोजन तथा व्यवस्थापन समिति**

# विषयसूची


खण्ड एक परिचय ........ १

१.१. पृष्ठभूमि ........ १

१.२. सम्मेलनको उद्देश्य ........ १

१.३. सम्मेलनमा छलफलका लागि निर्दिष्ट विषयहरू........ २

१.४. नेपाल प्रहरी रणनीतिक सम्मेलन २०८२ व्यवस्थापन समिति ........ २

१.५. सत्र संयोजन र भूमिका ........ २

१.८. मुख्य वक्ताहरू, सहजकर्ताहरू : ........ ३

१.७. सम्मेलनमा सहभागिताको दायरा, परिधि:- अध्ययनको क्षेत्र, विज्ञता र सरोकारवाला निकायहरू: ........ ४

खण्ड दुई नेपाल प्रहरी रणनीतिक सम्मेलन २०८२ का प्राप्ति ........ ६

२.१. नेपाल प्रहरीको सञ्चालन, सुपरिवेक्षण र समन्वयः क्षेत्र, विद्यमान अवस्था र सुधारका उपायहरू ........ ६

२.१.१. पहिचान गरिएका समस्याहरू........ ६

२.१.२. छलफलका सुझावहरू तथा सिकाई........ ७

२.१.३. सत्र निष्कर्ष ........ ७

२.२. अन्तर्राष्ट्रिय, क्षेत्रीय र राष्ट्रिय परिदृश्यमा सुरक्षा चुनौती र प्रहरी रणनीति ........ ८

२.२.१. पहिचान गरिएका समस्याहरू........ ८

२.२.२. छलफलका सुझावहरू तथा सिकाई........ ९

२.२.३. सत्र निष्कर्ष ........ १०

२.३. अपराधका पारम्परिक र नविनतम प्रवृत्तिहरूः पहिचान रोकथाम र ,अनुसन्धानका प्रहरी रणनीतिहरू... १०

२.३.१. पहिचान गरिएका समस्याहरू........ १०

२.३.१. छलफलका सुझावहरू तथा सिकाई........ ११

२.३.३. सत्र निष्कर्ष : ........ १२

२.४. विरोध प्रदर्शन व्यवस्थापनः नागरिकको संवैधानिक अधिकारको संरक्षण र राज्यको दायित्व निर्वाहको सन्दर्भमा प्रहरी र शान्ति सुव्यवस्थाको दृष्टिकोण ........ १३

२.४.१. पहिचान गरिएका समस्याहरू........ १३

२.४.२. छलफलका सुझावहरू तथा सिकाई........ १४

२.४.३. सत्र निष्कर्ष ........ १४

२.५. विश्वास, सहकार्य र सुधार: नेपाल प्रहरी र नागरिक सम्बन्धको रूपान्तरण........ १५

२.५.१. पहिचान गरिएका समस्याहरू........ १५

२.५.२. छलफलका सुझावहरू तथा सिकाई........ १५

२.५.३. सत्र निष्कर्ष: ........ १६

२.६. नेपाल प्रहरीमा मानवश्रोत व्यवस्थापन: दक्ष, उच्च मनोबल र उत्प्रेरित जनशक्ति सुनिश्चित गर्ने रणनीतिहरू ........ १६

२.६.१. पहिचान गरिएका समस्याहरू........ १६

२.६.२. छलफलका सुझावहरू तथा सिकाई........ १८

२.६.३. सत्र निष्कर्ष ........ १८

२.७. नेपाल प्रहरीमा सूचना प्रविधि, सञ्चार र कृत्रिम बुद्धिमत्ता: सेवा प्रवाह, आन्तरिक व्यवस्थापन, सुरक्षा व्यवस्थापन र अपराध अनुसन्धानमा सम्भावना र चुनौतीहरू ........ १९

२.७.१. पहिचान गरिएका समस्याहरू........ १९

२.७.२. छलफलका सुझावहरू तथा सिकाई........ २०

२.७.३. सत्र निष्कर्ष ........................................................................................................ २१
२.८. विपद् व्यवस्थापनमा प्रथम उद्धारकका रूपमा नेपाल प्रहरीः क्षमता अभिवृद्धि, समन्वय, समुदाय सहकार्य र भावी आवश्यकताहरू ........................................................................................................ २१
२.८.१. पहिचान गरिएका समस्याहरू........................................................................................................ २१
२.८.२. छलफलका सुझावहरू तथा सिकाई........................................................................................................ २२
२.८.३. सत्र निष्कर्ष ........................................................................................................ २४
२.९. सडक सुरक्षा प्रवर्द्धनमा प्रहरी भूमिका सचेतना, प्रवर्तन र क्षति न्यूनिकरणको योजना ........................ २५
२.९.१. पहिचान गरिएका समस्याहरू........................................................................................................ २५
२.९.२. छलफलका सुझावहरू तथा सिकाई........................................................................................................ २६
२.९.३. सत्र निष्कर्ष ........................................................................................................ २७

# खण्ड एक
# परिचय

## १.१. पृष्ठभूमि

नेपालको संविधान, प्रहरी ऐन नियमावली, प्रचलित कानून तथा अन्तर्राष्ट्रिय दायित्व अनुसार नेपाल प्रहरीले शान्ति, सुरक्षा तथा सुव्यवस्था कायम राख्ने, कानूनको प्रभावकारी कार्यान्वयन गर्ने, अपराध नियन्त्रण तथा अनुसन्धान गर्ने, मानव अधिकारको संरक्षण गर्ने तथा जनउत्तरदायी र व्यावसायिक प्रहरी सेवा प्रदान गर्दै आएको छ। संघीय शासन प्रणालीको कार्यान्वयनसँगै नेपाल प्रहरीको भूमिका, दायित्व र कार्यक्षेत्र थप विस्तारित र बहुआयामिक बन्दै गएको छ, जसले संगठनात्मक क्षमता, रणनीतिक सोच र अन्तरनिकाय समन्वयलाई सुदृढ बनाउन आवश्यक देखिएको छ। वर्तमान राष्ट्रिय परिवेशमा सामाजिक, आर्थिक तथा प्राविधिक परिवर्तनसँगै संगठित अपराध, साइबर अपराध, आर्थिक अपराध, मानव बेचबिखन, लागू औषध कारोबार, सीमापार अपराध, विपद् व्यवस्थापन, मिडिया व्यवस्थापन, सार्वजनिक सुरक्षा तथा सामुदायिक विश्वास निर्माणजस्ता चुनौतीहरू बढ्दो क्रममा रहेका छन्। साथै, संघीय संरचनामा केन्द्र, प्रदेश र स्थानीय तहबीचको भूमिका, जिम्मेवारी र कार्यसम्पादनको प्रभावकारितामाथि निरन्तर समीक्षा आवश्यक रहेको छ।

अन्तर्राष्ट्रिय परिवेशमा प्रविधिको तीव्र विकास, डिजिटल सुरक्षा चुनौती, अन्तर्राष्ट्रिय अपराध सञ्जाल, आतंकवाद, जलवायु परिवर्तनजन्य विपद् तथा मानव अधिकारसम्बन्धी मापदण्डहरूले प्रहरी सेवाको नीति, कार्यशैली र अभ्यासमा नवीन दृष्टिकोण अपनाउनुपर्ने अवस्था सिर्जना गरेका छन्। अन्तर्राष्ट्रिय अनुभव र उत्कृष्ट अभ्यासबाट सिकाइ लिँदै नेपाल प्रहरीलाई आधुनिक, मानव अधिकारमैत्री र प्रविधिमैत्री संस्थाका रूपमा विकास गर्नु अपरिहार्य भएको छ।

यस सन्दर्भमा, नेपाल प्रहरीको जिम्मेवारी, वर्तमान राष्ट्रिय अवस्था तथा राष्ट्रिय एवं अन्तर्राष्ट्रिय परिवेशको समग्र समीक्षा गरी साझा बुझाइ निर्माण गर्ने, विद्यमान चुनौती र अवसरहरू पहिचान गर्ने तथा भविष्यका लागि नीतिगत, रणनीतिक र कार्यगत दिशानिर्देश तय गर्ने उद्देश्यले सम्मेलन आयोजना सान्दर्भिक र आवश्यक देखिएको छ। सम्मेलनले नेपाल प्रहरीको संस्थागत क्षमता अभिवृद्धि, आन्तरिक एवं अन्तरनिकाय सहकार्य सुदृढीकरण र जनविश्वास अभिवृद्धिमा महत्त्वपूर्ण योगदान पुर्‍याई सामयिक विश्वस्तरीय रूपान्तरण गर्ने अपेक्षा गरिएको छ।

## १.२. सम्मेलनको उद्देश्य

यस सम्मेलनका देहाय बमोजिमका उद्देश्यहरू रहेका छन्:

(क) नेपाल प्रहरीको कार्य समीक्षा र यसका रणनीति निर्धारणका प्रक्रियामा बौद्धिक वृत्त र नागरिक तहको सहभागिता र अपनत्व विकास गर्नु,

(ख) विद्यमान परिवेशमा आन्तरिक र बाह्य चुनौतीहरूको समग्र मूल्याङ्कन गर्नु,

(ग) नेपाल प्रहरीको दीर्घकालीन दृष्टि, रणनीतिक लक्ष्य र कार्यान्वयनयोग्य कार्ययोजनाका लागि सम्मेलनबाट सुझाव र मार्गदर्शन प्राप्त गर्नु,

(घ) विद्यमान सङ्गठन सञ्चालनको अवस्था र सुधारका उपायहरू समीक्षा गर्दै प्रभावकारीता र कार्यकुशलता अभिवृद्धिका उपायहरू पहिचान गर्नु,

(ङ) नेपाल प्रहरी प्रतिको दृष्टिकोण र जनअपेक्षाको सन्दर्भमा सेवा प्रवाहका प्रमुख क्षेत्रहरूमा सुधारका उपायहरू पहिचान गर्नु।

## १.३. सम्मेलनमा छलफलका लागि निर्दिष्ट विषयहरू

क. नेपाल प्रहरीको सञ्चालन, सुपरिवेक्षण र समन्वय: क्षेत्र, विद्यमान अवस्था र सुधारका उपायहरू,

ख. अन्तर्राष्ट्रिय, क्षेत्रीय र राष्ट्रिय परिदृश्यमा सुरक्षा चुनौती र प्रहरी रणनीति

ग. अपराधका पारम्परिक र नविनतम प्रवृत्तिहरूः पहिचान, रोकथाम र अनुसन्धानका प्रहरी रणनीतिहरू

घ. विरोध प्रदर्शन व्यवस्थापन : नागरिकको संवैधानिक अधिकारको संरक्षण र राज्यको अनिवार्य दायित्व निर्वाहको सन्दर्भमा प्रहरी परिचालन र शान्ति सुव्यवस्थाको दृष्टिकोण

ङ. विश्वास, सहकार्य र सुधार: नेपाल प्रहरी र नागरिक सम्बन्धको रूपान्तरण

च. नेपाल प्रहरीमा मानवश्रोत व्यवस्थापन: दक्ष, उच्च मनोबल र उत्प्रेरित जनशक्ति सुनिश्चित गर्ने रणनीतिहरू

छ. नेपाल प्रहरीमा सूचना प्रविधि, सञ्चार र कृत्रिम बुद्धिमत्ता: सेवा प्रवाह, आन्तरिक व्यवस्थापन, सुरक्षा व्यवस्थापन र अपराध अनुसन्धानमा सम्भावना र चुनौतीहरू

ज. विपद् व्यवस्थापनमा प्रथम उद्धारकका रूपमा नेपाल प्रहरी: क्षमता अभिवृद्धि, समन्वय, समुदाय सहकार्य र भावी आवश्यकताहरू

झ. सडक सुरक्षा प्रवर्द्धनमा प्रहरी भूमिकाः सचेतना, प्रवर्तन र क्षति न्यूनिकरणको योजना

ञ. कानून कार्यान्वयन र अपराध अनुसन्धानमा मिडियाको भूमिका (दुई सत्र)

## १.४. नेपाल प्रहरी रणनीतिक सम्मेलन २०८२ व्यवस्थापन समिति

नेपाल प्रहरी रणनीतिक सम्मेलन २०८२ लाई व्यवस्थित एवम् उपलब्धि मूलक बनाउन मानवश्रोत विकास विभाग प्रमुख प्रअमनि श्री राजन अधिकारीज्यूको संयोजकत्वमा निम्नानुसारको रणनीतिक सम्मेलन संयोजन तथा व्यवस्थापन समिति गठन गरी सम्मेलनको सञ्चालन गरिएको थियो ।

| क्र.सं. | दर्जा नाम | कार्यालय | भूमिका |
|---|---|---|---|
| १ | प्रअमनि श्री राजन अधिकारी | ने.प्र.प्र.का. मानवश्रोत विकास विभाग | संयोजक |
| २ | प्रनामनि श्री विश्व अधिकारी | ने.प्र.प्र.का. आर्थिक प्रशासन तथा प्रबन्ध नि. | सदस्य |
| ३ | प्रबउ श्री गोपाल चन्द्र भट्टराई | ने.प्र.प्र.का. अन्वेषण योजना तथा विकास नि. | सदस्य |
| ४ | प्रबउ श्री कृष्ण बहादुर पल्लीमगर | ने.प्र.प्र.का. प्रदेश समन्वय विभाग | सदस्य |
| ५ | प्रबउ श्री नहकुल पोखरेल | ने.प्र.प्र.का. अपराध अनुसन्धान विभाग | सदस्य |
| ६ | प्रबउ श्री दयानिधी ज्ञवाली | ने.प्र.प्र.का. कार्य विभाग | सदस्य |
| ७ | प्रबउ श्री दिलिप घिमिरे | ने.प्र.प्र.का. मानवश्रोत विकास विभाग | सदस्य |
| ८ | प्रबउ श्री सुबास चन्द्र बोहरा | ने.प्र.प्र.का. कार्य विभाग | सदस्य |
| ९ | प्रउ श्री फणिन्द्र प्रसाई | राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान, महाराजगंज | सदस्य |
| १० | प्रउ श्री निशान थापा | ने.प्र.प्र.का. अन्वेषण योजना तथा विकास नि. | सदस्य सचिव |
| ११ | प्रउ श्री निर्मल बुढाथोकी | ने.प्र.प्र.का. आर्थिक प्रशासन तथा प्रबन्ध नि. | सदस्य |
| १२ | प्रनाउ श्री किरण जंग कुँवर | ने.प्र.प्र.का. अन्वेषय योजना तथा विकास नि. | सदस्य |
| १३ | प्रनाउ श्री ईश्वरी भण्डारी | ने.प्र.प्र.का. मानवश्रोत विकास विभाग | सदस्य |
| १४ | प्रनाउ श्री शैलेश्वरी बोहोरा | ने.प्र.प्र.का. म.बा.बा. तथा ज्ये.ना.से. नि. | सदस्य |
| १५ | प्रनाउ श्री शेखर जंग मल्ल | ने.प्र.प्र.का. आर्थिक प्रशासन शाखा | सदस्य |

सम्मेलनलाई थप प्रभावकारी रूपमा व्यवस्थापन एवम् सञ्चालनका लागि कार्यगत उपसमितिहरू समेत गठन गरिएको थियो । सम्मेलनको त्रुटिरहित ढंगले सञ्चालनको लागि सम्मेलन अवधि भरका लागि छुट्टै अह्वनखटन गरिएको थियो । विभिन्न उपसमिति तथा अह्वनखटनको विस्तृत विवरण अनुसूचीमा समावेश गरिएको छ ।

## १.५. सत्र संयोजन र भूमिका

सम्मेलन अवधिमा छलफल गरिएका विभिन्न सत्रहरू संयोजन सम्बन्धित विभागको नेतृत्व गर्नुभएका प्रअमनि ले विषयवस्तु सम्बन्धमा आधारभूत तथ्याङ्क (Baseline Data), सम्बन्धित विषयको ऐतिहासिक प्रारूप, सो को विकासक्रम, वर्तमान अवस्था, नविनतम् प्रवृत्तिहरू, भावी चुनौती तथा आगामी कार्ययोजना सहित सत्र सञ्चालनको लागि सहजीकरण गर्दै संयोजकको भूमिका निर्वाह गर्नु भएको थियो।

यस क्रममा नेपाल प्रहरी प्रधान कार्यालय, मानवश्रोत विकास विभागका प्रअमनि राजन अधिकारीले सत्र संयोजकको भूमिका निर्वाह गर्नु भएको थियो। त्यसै गरी नेपाल प्रहरीको सञ्चालन, सुपरिवेक्षण र समन्वयः क्षेत्र, विद्यमान अवस्था र सुधारका उपायहरू र नेपाल प्रहरीमा मानवश्रोत व्यवस्थापन: दक्ष, उच्च मनोबल र उत्प्रेरित जनशक्ति सुनिश्चित गर्ने रणनीतिहरू, केन्द्रीय अनुसन्धान ब्यूरोका प्रमुख, प्रअमनि डा. मनोज कुमार के.सी. ले सत्र संयोजकको भूमिका निर्वाह गर्नु भएको थियो। सम्मेलनमा अन्तर्राष्ट्रिय, क्षेत्रीय र राष्ट्रिय परिदृश्यमा सुरक्षा चुनौती र प्रहरी रणनीति विषयमा, अपराध अनुसन्धान विभाग प्रमुख, प्रअमनि सुशिल सिंह राठौरले सत्र संयोजन गर्नु भएको थियो। अपराधका पारम्परिक र नविनतम प्रवृत्तिहरूः पहिचान, रोकथाम र अनुसन्धानका प्रहरी रणनीतिहरू विषयमा, राष्ट्रिय प्रहरी प्रतिष्ठानका कार्यकारी निर्देशक प्रअमनि शिद्धि विक्रम शाह ले विरोध प्रदर्शन व्यवस्थापनः नागरिकको संवैधानिक अधिकारको संरक्षण र राज्यको अनिवार्य दायित्व निर्वाहको सन्दर्भमा प्रहरी परिचालन र शान्ति सुव्यवस्थाको दृष्टिकोण विषयमा सत्र संयोजन गर्नु भएको थियो।काठमाडौं उपत्यका प्रहरी कार्यालयका कार्यालय प्रमुख प्रअमनि ईश्वर कार्कीले विश्वास, सहकार्य र सुधार: नेपाल प्रहरी र नागरिक सम्बन्धको रूपान्तरण विषयको सत्र संयोजन गर्नु भएको थियो। नेपाल प्रहरी प्रधान कार्यालय कार्य विभाग प्रमुख प्रअमनि उमा प्रसाद चतुर्वेदीले विपद् व्यवस्थापनमा प्रथम उद्धारकका रूपमा नेपाल प्रहरीः क्षमता अभिवृद्धि, समन्वय, समुदाय सहकार्य र भावी आवश्यकताहरू विषयको सत्र संयोजन गर्नु भएको थियो। त्यसै गरी नेपाल प्रहरी प्रधान कार्यालय प्रदेश समन्वय विभाग प्रमुख प्रअमनि डम्बर बहादुर वि.क. ले सडक सुरक्षा प्रवर्द्धनमा प्रहरी भूमिकाः सचेतना, प्रवर्तन र क्षति न्यूनिकरणको योजना विषयमा सञ्चालित सत्र संयोजन गर्नु भएको थियो। साथै नेपाल प्रहरी प्रधान कार्यालय सूचना प्रविधि निर्देशनालयका प्रनामनि अरुण भण्डारीले नेपाल प्रहरीमा सूचना प्रविधि, सञ्चार र कृत्रिम बुद्धिमत्ता: सेवा प्रवाह, आन्तरिक व्यवस्थापन, सुरक्षा व्यवस्थापन र अपराध अनुसन्धानमा सम्भावना र चुनौतीहरू विषयमा सत्र संयोजन गर्नु भएको थियो। उल्लिखित सत्रहरूमा विज्ञहरूबाट व्यक्त भएका विचार, भावना तथा सुझावहरूलाई नेपाल प्रहरी रणनीतिक योजनामा समावेश गर्ने प्रतिबद्धता व्यक्त गर्दै विज्ञ तथा सहजकर्तालाई प्रशंसा पत्र एवम् मायाको चिनो प्रदान गरिएको थियो।

### १.८. मुख्य वक्ताहरू, सहजकर्ताहरू :

सम्मेलन अवधिमा विषय विज्ञताको अधिकतम उपयोग गर्ने उद्देश्यले सम्बन्धित क्षेत्रको विज्ञता पहिचान गरी विषयवस्तुको गम्भीरता र रणनीति निर्माणका लागि मुख्य क्षेत्रहरू पहिचान गरी विज्ञ तथा सहजकर्ता छनौट गरिएको थियो। यस क्रममा प्रशासन क्षेत्रको अध्ययन अनुसन्धानमा संलग्न भई लामो अनुभव भएका प्रशासनविद्, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय वृत्तमा ख्याति प्राप्त कूटनीतिज्ञ, राजनीतिक विश्लेषक तथा भू-राजनीति विज्ञ, कानूनी क्षेत्रमा अन्तर्राष्ट्रिय विश्वविद्यालयमा अध्ययन तथा अध्यापनमा संलग्न प्राध्यापक, संविधानविद् एवम् कानूनविद्, मानव अधिकार तथा नागरिक स्वतन्त्रताका अभियान्ता, द्वन्द्व, शान्ति तथा विकासका अध्येता, लेखक तथा साहित्यकार, कलाकार, अनुसन्धानकर्ता, सूचना प्रविधिको क्षेत्रमा संलग्न उद्यमी एवं विज्ञ, अनुसन्धानकर्ता, सुरक्षाविद्, पुर्वाधार क्षेत्रमा अनुभवी लगायतको विज्ञहरू बीच घनीभूत छलफल गराइएको थियो। छलफलमा विभिन्न सत्रहरूको सहजकर्ताको भूमिका विषयवस्तुमा अनुभवी व्यक्तित्व डा. पिताम्बर भण्डारी, डा. मनोज शाक्य तथा पूर्व प्रहरी अधिकृत डा. गणेश रेग्मी, सुरेन्द्र बहादुर शाह, पुरुषोत्तम कडैंल, देवेन्द्र सुवेदी, रविन्द्र नाथ रेग्मी, ठुले राई र मिरा चौधरी लगायतका व्यक्तित्वबाट गरिएको थियो।

विज्ञहरूको विषय विज्ञताका आधारमा नेपाल प्रहरीको सञ्चालन, सुपरिवेक्षण र समन्वयः क्षेत्र, विद्यमान अवस्था र सुधारका उपायहरू विषय अन्तर्गत लिलामणी पौड्याल, काली प्रसाद पराजुली (सह सचिव), प्र.म.नि. (अ.प्रा) प्रकाश अर्याल, अन्तर्राष्ट्रिय, क्षेत्रीय र राष्ट्रिय परिदृश्यमा सुरक्षा चुनौती र प्रहरी रणनीति विषय अन्तर्गत अपूर्व खतिवडा, विष्णु सापकोटा, मधुरमण आचार्य, अपराधका पारम्परिक र नविनतम प्रवृत्तिहरूः पहिचान, रोकथाम अनुसन्धानका प्रहरी रणनीतिहरू विषय अन्तर्गत लक्ष्मी बखाद्यो, डा. रमेश पराजुली, गोपाल रिजाल, विरोध प्रदर्शन व्यवस्थापनः नागरिकको संवैधानिक अधिकारको संरक्षण र राज्यको अनिवार्य दायित्व निर्वाहको सन्दर्भमा प्रहरी परिचालन र शान्ति सुव्यवस्थाको दृष्टिकोण विषय अन्तर्गत कृष्ण पहाडी, चिरन जंग थापा, टिकाराम भट्टराई, प्र.ब.उ. (अ.प्रा) आमोद गुरुङ, नेपाल प्रहरीमा मानवश्रोत व्यवस्थापन: दक्ष, उच्च मनोबल र उत्प्रेरित जनशक्ति सुनिश्चित गर्ने रणनीतिहरू, विषय अन्तर्गत उमेश मैनाली, मनोज ज्ञवाली, प्रकाश दाहाल, विश्वास, सहकार्य र सुधार: नेपाल प्रहरी र नागरिक सम्बन्धको रूपान्तरण विषय अन्तर्गत खगेन्द्र संग्रौला, राजेश हमाल, खगनाथ अधिकारी, विपद् व्यवस्थापनमा प्रथम उद्धारकका रूपमा नेपाल प्रहरीः क्षमता अभिवृद्धि, समन्वय, समुदाय सहकार्य र भावी आवश्यकताहरू, सडक सुरक्षाः सचेतना, प्रवर्तन र क्षति न्यूनिकरणको योजना विषय अन्तरगत डा. सुमन कुमार कर्ण, वंशी कुमार आचार्य, नेपाली सेनाबाट सहायक रथी रन्जित थापा , नेपाल प्रहरीमा सूचना प्रविधि, सञ्चार र कृत्रिम बुद्धिमत्ता: सेवा प्रवाह, आन्तरिक व्यवस्थापन, सुरक्षा व्यवस्थापन र अपराध अनुसन्धानमा सम्भावना र चुनौतीहरू विषय अन्तरगत गौरब पाण्डे, दिपक मल्ल, डा. श्रीधर मरासिनी, सडक सुरक्षा प्रवर्द्धनमा प्रहरी भूमिकाः सचेतना, प्रवर्तन र क्षति न्यूनिकरणको योजना विषय अन्तर्गत प्रा. डा. पार्थ मणी पराजुली, सुनिल पौडेल, अनिल मर्सानी लगायतका विज्ञ वक्ताहरूबाट विषयवस्तुमा गहन र परिणाम लक्षित छलफल गरिएको थियो।

**१.७. सम्मेलनमा सहभागिताको दायरा, परिधि:- अध्ययनको क्षेत्र, विज्ञता र सरोकारवाला निकायहरू:**
रणनीतिक सम्मेलनलाई वक्ता, सहजकर्ता र सत्र संयोजनकर्ता सहित सहभागीहरूको छनौटमा समेत अधिकतम विषय सम्बद्ध सरोकारवाला निकायहरू, विज्ञहरू तथा विविध क्षेत्रका विद्यार्थीहरूलाई प्राथमिकताका साथ सहभागी गराइएको थियो।

विद्यार्थी सहभागीहरूमा राजनीतिक शास्त्र, सार्वजनिक प्रशासन, समाजशास्त्र तथा मानवशास्त्र, कानून, अपराधशास्त्र (Criminology), फरेन्सिक साइन्स, द्वन्द्व, शान्ति र विकास, सुशासन तथा नीति अध्ययन, अन्तर्राष्ट्रिय सम्बन्ध र सुरक्षा अध्ययन, रणनीतिक अध्ययन, मनोविज्ञान अध्ययन, मानव स्रोत व्यवस्थापन अध्ययन, वातावरण तथा विकास अध्ययन, सामाजिक कार्य तथा ग्रामीण विकास अध्ययन, पत्रकारिता तथा आम सञ्चार अध्ययन लगायत विविध क्षेत्रमा अध्ययनरतहरूको उल्लेख्य सहभागिता रहेको थियो।

यसै गरी सम्बन्धित क्षेत्रमा लामो समय कार्य अनुभव रहेका Policy Think Tank, राजनीतिज्ञ, कानूनविद्, संवैधानिक विशेषज्ञ, मनोविज्ञ, पूर्व कूटनीतिज्ञ, कूटनीतिज्ञ, अनुसन्धानकर्ता, अभियोजनकर्ता (सरकारी वकिल), मानव अधिकारकर्मी, सुरक्षा रणनीतिकार, अवकाशप्राप्त/कार्यरत वरिष्ठ प्रहरी अधिकृत, वरिष्ठ प्रशासनिक अधिकृत, समाजशास्त्री, सडक सुरक्षा अभियन्ता, शहरी यातायात योजनाकार, व्यवहारिक फरेन्सिक विज्ञ, Digital forensics विज्ञ , ICT policy expert, Police IT system Developer, अपराध अनुसन्धानमा कार्यरत प्रहरी, साइबर अपराध विशेषज्ञ, Cybercrime Investigator, Search & Rescue प्रशिक्षक, Disaster management विज्ञ, मानव संसाधन नीति विज्ञ, सार्वजनिक सेवा सुधार विज्ञ, Crowd management विशेषज्ञ, Community policing विशेषज्ञ, रक्षा तथा सुरक्षा नीति विश्लेषक, यातायात नीति विज्ञ, ट्राफिक प्रहरी विशेषज्ञ, मिडिया-कानून विज्ञ, व्यवहारिक मनोविज्ञहरूले आ-आफ्नो विषयको विज्ञता सहितको सुझाव प्रदान गर्नुभएको थियो।

यसै प्रकार सहभागी निकायहरूमा राष्ट्रिय मानव अधिकार आयोग, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, गृह मन्त्रालय प्रहरी कर्मचारी महाशाखा, विपद् व्यवस्थापन महाशाखा, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, विपद् प्राधिकरण, प्रशिक्षण प्रदायक संस्था, काठमाडौं महानगरपालिका विपद् व्यवस्थापन महाशाखा/स्थानीय तहका विपद् संयोजक, अन्तर्राष्ट्रिय मानवीय संस्था प्रतिनिधि, मानव अधिकार तथा शान्ति समाज, नागरिक समाज प्रतिनिधि, स्थानीय सरकारका प्रतिनिधि, सूचना प्रविधि (IT) को क्षेत्रमा कार्यरत निकायहरू ट्रि लिफ टेक्नोलोजी, उद्यमशिलताको क्षेत्रमा कार्यरत संघ संस्था, कम्प्युटर साइन्स, साइबर सेक्युरिटी, तथ्याङ्क साइन्स, विपद् व्यवस्थापन, सार्वजनिक स्वास्थ्य, सिभिल इन्जिनियरिङ शहरी योजना, सार्वजनिक नीति, मानव अधिकार आयोगसँग सम्बद्ध विशेषज्ञ तथा शान्ति तथा द्वन्द्व व्यवस्थापनको क्षेत्रमा रहि कार्यरत निकायहरूको प्रत्यक्ष र परोक्ष सरोकारवाला निकायहरूको समेत अधिकतम सहभागिताबाट सम्मेलनलाई सहभागितामूलक बनाइएको थियो।

# खण्ड दुई

# नेपाल प्रहरी रणनीतिक सम्मेलन २०८२ का प्राप्ति

यस खण्डमा नेपाल प्रहरी रणनीतिक सम्मेलनका निर्धारित सत्रहरूमा मुख्य वक्ता, सहजकर्ता तथा सत्र संयोजकले सम्बन्धित विषयवस्तुमा पहिचान एवम् व्यक्त गरेका समस्याहरू, छलफलका सुझावहरू तथा सिकाइ र सत्रबाट प्राप्त निष्कर्षलाई बुँदागत रूपमा प्रस्तुत गरिएको छ।

## २.१. नेपाल प्रहरीको सञ्चालन, सुपरिवेक्षण र समन्वयः क्षेत्र, विद्यमान अवस्था र सुधारका उपायहरू

### २.१.१. पहिचान गरिएका समस्याहरू

**क. अधिकार र आदेशको सन्तुलनमा प्रहरी चुनौती**

जब प्रहरीले नागरिकको अधिकार सर्वोच्च छ भन्ने कुरा र प्रशासनिक आदेश बराबरीमा पालना गर्नुपर्ने कुरा एउटै जस्तो बुझ्छ, तब प्रहरीले आफैँले व्यावसायिक र सुझ-बुझ पूर्ण निर्णय लिन सक्ने क्षमता कमजोर हुन्छ। यसले प्रहरीको काममा द्रुत, सही र निष्पक्ष निर्णय लिन कठिन बनाएको अवस्था छ।

**ख. दैनिक सञ्चालनमा राजनीतिक र प्रशासनिक हस्तक्षेप**

राजनीतिक तह, गृह मन्त्रालय र अन्य प्रशासनिक निकायद्वारा प्रहरीको परिचालन, मानवस्रोत व्यवस्थापन, सरुवा र बढुवामा प्रत्यक्ष हस्तक्षेप भइरहेको देखिन्छ।

**ग. कार्यगत स्वायत्तताको कमी**

प्रहरीलाई नियन्त्रणमुक्त नभई स्पष्ट सीमाभित्र व्यावसायिक स्वतन्त्रता नदिँदा नवप्रवर्तन र नेतृत्व विकास अवरुद्ध हुन्छ।

**घ. कानुनी ढाँचामा अस्पष्टता**

प्रहरी ऐन, नियमावली र व्यवहार बीचको दूरीले जिम्मेवारी र अधिकारको अस्पष्टता पैदा गर्दछ।

**ङ. ऐतिहासिक र संरचनागत शासक केन्द्रित मानसिकता**

राणाकालदेखि लागू आदेश-केन्द्रित पुलिसिङले आधुनिक जनकेन्द्रित पुलिसिङ विकासमा बाधा पुऱ्याएको छ।

**च. संघीय संरचनामा अधिकारको अस्पष्टता**

केन्द्र र प्रदेशबीच जिम्मेवारी र अधिकार स्पष्ट नहुँदा स्थानीय प्रहरीको कार्य क्षमता कमजोर हुन्छ।

**छ. अन्तर सञ्चालन क्षमतामा कमी**

सुरक्षा निकाय बीच साझा सूचना प्रणाली, SOP, संयुक्त अभ्यास र स्पष्ट कमान्ड सम्बन्ध पर्याप्त रहेको छैन।

**ज. पदोन्नति र नियुक्तिमा पारदर्शिताको अभाव**

बढुवा प्रक्रिया समयमै नभएर व्यक्तिगत वा राजनीतिक प्रभावमा आधारित हुन्छ, जसले व्यावसायिकता कमजोर बनाउँछ।

**झ. जन विश्वास र सार्वजनिक उत्तरदायित्वमा कमी**

विभिन्न शक्ति केन्द्रित नियन्त्रण र प्रशासनिक हस्तक्षेपले प्रहरीलाई जनतासँग जोड्ने विश्वास कमजोर बनाउँछ।

**ञ. प्रविधि र तथ्याङ्क आधारित प्रणालीको अभाव**

निर्णय, अनुसन्धान र प्रहरी सञ्चालनमा पर्याप्त प्रविधि र प्रमाण आधारित प्रणालीको प्रयोग छैन।

### २.१.२. छलफलका सुझावहरू तथा सिकाई

क. तत्काल संघीय प्रहरी ऐन र प्रदेश प्रहरी सम्बन्धी कानुनहरूमा एकरूपता ल्याई समायोजन टुङ्ग्याउने।

ख. प्रहरीलाई गृह प्रशासनको शाखाको रूपमा नभई एक स्वायत्त व्यावसायिक संस्थाको रूपमा स्थापित गर्ने।

ग. व्यावसायिक स्वायत्तताको सुनिश्चितता: प्रहरी सङ्गठनलाई राजनीतिक र प्रशासनिक हस्तक्षेपबाट मुक्त राख्न 'वस्तुगत नागरिक नियन्त्रण' (Objective Civilian Control) को अवधारणा अनुरूप कानुनी व्यवस्था गर्ने।

घ. संविधानको अनुसूची अनुसार संघ, प्रदेश र स्थानीय तहका प्रहरीको कार्यक्षेत्र, परिचालन र समन्वयका कानुनी सीमाहरू स्पष्ट पार्नुपर्ने।

ङ. प्रहरीको जवाफदेहिता र पारदर्शिता सुनिश्चित गर्न विकसित मुलुकका अभ्यास जस्तै स्वतन्त्र प्रहरी निरीक्षण वा सुपरिवेक्षण बोर्डको नीतिगत व्यवस्था गर्नुपर्ने। सुरक्षा निकायहरू बीच साझा तालिम, साझा स्थायी कार्य सञ्चालन कार्यविधि (SOP) र एकीकृत सूचना केन्द्र स्थापना गर्ने।

च. नागरिक केन्द्रित प्रहरी सेवा: प्रहरीको भूमिकालाई 'शासक-केन्द्रित' बाट 'जनता-केन्द्रित' (People-centric) मा रूपान्तरण गर्न दीर्घकालीन रणनीतिक योजना लागू गर्ने।

छ. अन्तर-सञ्चालन (Inter-operability) क्षमता: सुरक्षा निकायहरू (नेपाल प्रहरी र सशस्त्र प्रहरी) बीच केवल समन्वयमा मात्र सीमित नभई साझा सूचना प्रणाली, एकीकृत प्रशिक्षण र साझा स्थायी कार्य सञ्चालन कार्यविधि (SOP) विकास गर्ने रणनीति लिने।

ज. विशिष्टीकरण (Specialization): आधुनिक र संगठित अपराध, साइबर अपराध र वित्तीय अपराधहरूको अनुसन्धानका लागि प्रहरीभित्र विशिष्टीकृत ब्यूरो र जनशक्ति विकासको रणनीति अवलम्बन गर्ने।

झ. बसाइँसराइ अनुरूपको सेवा: जनसांख्यिक परिवर्तन र शहरीकरणको प्रवृत्ति (trend) लाई विश्लेषण गरी सोही आधारमा स्रोत-साधन र जनशक्ति परिचालन गर्ने रणनीति बनाउने।

ञ. कार्यबोझ व्यवस्थापन (De-layering): प्रहरीलाई 'ओभर-बर्डन' (over burden) बाट बचाउन सामान्य विपद् व्यवस्थापन र 'फर्स्ट रेस्पोन्डर' (First Responder) को जिम्मेवारी स्थानीय तहलाई हस्तान्तरण गरी प्रहरीलाई शान्ति सुरक्षा र अपराध अनुसन्धानमा केन्द्रित गर्ने।

ट. प्रहरीको भर्ना, तालिम र बढुवा प्रक्रियालाई कार्यसम्पादनमा आधारित, पारदर्शी र पूर्वानुमानयोग्य (Predictable) बनाउने।

ठ. अपराध नियन्त्रण र सूचना सङ्कलनमा 'तथ्याङ्क-ड्रिभन पोलिसिङ' (Data-driven Policing) र आधुनिक डिजिटल फरेन्सिक (Digital Forensic) उपकरणहरूको प्रयोग बढाउने।

ड. वैदेशिक रोजगारीमा रहेका नेपालीहरूको सम्पत्ति र परिवारको सुरक्षाका लागि विशेष डेस्क वा डिजिटल रिपोर्टिङ (Digital reporting) प्रणालीको प्रभावकारी कार्यान्वयन गर्ने।

ढ. सामुदायिक साझेदारी: 'प्रहरी मेरो साथी' जस्ता अभियानहरूलाई टोल-टोलसम्म पुऱ्याई नागरिक र प्रहरीबीचको विश्वासको खाडल (Trust Deficit) कम गर्ने कार्यहरू गर्ने।

### २.१.३. सत्र निष्कर्ष

प्रस्तुत सत्रले नेपालमा प्रहरी सङ्गठनका अधिकार र आदेश बीचको सन्तुलन, राजनीतिक तथा प्रशासनिक हस्तक्षेप, कार्यगत स्वायत्तता र कानुनी अस्पष्टतासँग सम्बन्धित चुनौतीहरू रहेका छन्। यसले प्रहरी निर्णय क्षमता, व्यावसायिकता र सार्वजनिक विश्वास कमजोर बनाएको देखिन्छ। संघीय संरचना, सूचना आदानप्रदान र समन्वय प्रणालीको अभाव, प्रविधि र तथ्याङ्क-आधारित प्रणालीको कम प्रयोगले प्रहरीको दक्षता र अन्तर सञ्चालन क्षमता सीमित भएको छ।

यसका समाधानका लागि सुझावहरूले प्रहरीलाई पूर्ण रूपमा व्यावसायिक, स्वायत्त, पारदर्शी र नागरिक केन्द्रित संस्था बनाउने दिशामा बल दिन्छ। संघीय प्रहरी ऐन र सम्बन्धित कानुनमा स्पष्टता, कार्यक्षेत्रको समायोजन, स्वतन्त्र निरीक्षण/सुपरिवेक्षण व्यवस्था, साझा तालिम र SOP, आधुनिक अपराध अनुसन्धानका लागि विशिष्टीकरण, तथ्याङ्कमा आधारित निर्णय प्रणाली र डिजिटल फरेन्सिक उपकरणको प्रयोगका साथै समुदायसँगको विश्वास निर्माण रणनीति आवश्यक देखिन्छ। दीर्घकालीन सुधार र रणनीतिक योजना लागू गर्दा प्रहरी सङ्गठन अधिक प्रभावकारी, उत्तरदायी र आधुनिक सुरक्षा चुनौतीको सामनाको लागि सक्षम हुनेछ।

## २.२. अन्तर्राष्ट्रिय, क्षेत्रीय र राष्ट्रिय परिदृश्यमा सुरक्षा चुनौती र प्रहरी रणनीति

### २.२.१. पहिचान गरिएका समस्याहरू

**क. अन्तर्राष्ट्रिय अविश्वास र नेपालमा soft security जोखिम**

छिमेकका शक्ति राष्ट्रसँग विश्वासको वातावरण निर्माण गर्न सकिएन भने soft security country बन्न सक्छ। नेपाल कमजोर सुरक्षा व्यवस्था सहितको ट्रान्जिट देशको रूपमा चित्रित हुनुका कारणले अन्तर्राष्ट्रिय अविश्वास बढाएको छ।

**ख. सीमा सुरक्षा चुनौती र अवैध गतिविधि नियन्त्रण**

खुल्ला सिमाना लगायतका सीमा क्षेत्रका चुनौतीका कारण हतियार तस्करी, लागुऔषध तस्करी, आतंकवादी गतिविधि, मानव तस्करी तथा अवैध आप्रवासन नियन्त्रणमा जस्ता चुनौतीहरू विद्यमान रहेको छ।

**ग. भू-राजनीतिक दबाब**

ठूला शक्ति राष्ट्रहरूको शक्ति र सुरक्षा स्वार्थ र प्रतिस्पर्धाका कारण भू-राजनीतिक दबाबहरू विद्यमान रहेको छ।

**घ. राजनीतिकरण र स्वार्थ अनुकूल प्रहरीको प्रयोग**

प्रहरी संस्थालाई राजनीतिक उद्देश्यका लागि प्रयोग गरिनु, जसले संस्थागत स्वायत्तता र विश्वसनीयता कमजोर बनाएको छ जसलाई हाल राजनीतिकरण र प्रहरीलाई स्वार्थ अनुकूल प्रयोग गरिन्छ भन्ने भाष्य स्थापना भएको छ।

**ङ. प्रहरीको व्यावसायिकता र संस्थागत स्वायत्तता अभाव**

प्रहरी सङ्गठनले आफ्नो व्यावसायिक पहिचान, निर्णय स्वतन्त्रता र नैतिक मानक कायम गर्न नसक्नुका कारण संस्थागत स्वायत्तता र गरिमाको अभाव देखिन्छ।

**च. प्रहरीको अनुसन्धान पद्धति र मानवअधिकार मापदण्ड**

अनुसन्धान तथा न्याय प्रक्रियामा कमजोरीका कारण अन्तर्राष्ट्रिय निकायबाट प्रश्न उठ्ने अवस्था देखिएकोले अन्तर्राष्ट्रिय मानव अधिकार मापदण्डसँगको टकरावको सामना गर्नु परेको देखिन्छ।

**छ. नयाँ सुरक्षा चुनौतीका रूपमा विपद् र विस्थापन**

विपद्, आप्रवासन र आन्तरिक बसाइँसराइले सामाजिक द्वन्द्व तथा अपराधको जोखिम बढाउनुको साथै विस्थापनको सुरक्षा प्रभाव हालको नयाँ चुनौतीको रूपमा बढ्दै गएको छ।

**ज. सूचना साझेदारी र समन्वयको कमी**

आन्तरिक र बाह्य निकाय बीच सूचना आदानप्रदान नहुनु, सूचना आदान प्रदान नहुनु र संयुक्त रणनीति निर्माण नहुनु र राज्यका सुरक्षा संस्थाहरू बीच आपसी समन्वयको कमीको कारणले सुरक्षा प्रभावकारीतामा कमी आएको देखिन्छ।

**झ. साइबर र प्रविधिजन्य अपराधमा बढ्दो खतरा**

साइबर अपराध र नयाँ प्रविधिजन्य खतरा लगायत स्क्याम सेन्टर, अन्तर्राष्ट्रिय ठगी सञ्जाल, एआई र डिजिटल माध्यमबाट हुने अपराधको वृद्धिका कारण सुरक्षामा प्रणालीगत विकास अपरिहार्य रहेको छ।

**ञ. सुरक्षा क्षेत्र सुधारको अभाव**

रणनीतिक दृष्टि र सुरक्षा क्षेत्र सुधार (Security Sector Reform) को अभाव देखिएकोले दीर्घकालीन सुधार, नीतिगत स्पष्टता र संस्थागत रूपान्तरणको ठोस कार्ययोजना स्पष्ट निर्धारण गरी अघि बढ्नुको विकल्प देखिँदैन।

### २.२.२. छलफलका सुझावहरू तथा सिकाई

क. राष्ट्रिय सुरक्षा र आन्तरिक सुरक्षाबीच स्पष्ट नीतिगत विभाजन (Demarcation) गर्ने।

ख. सुरक्षा अवधारणामा "राज्य-केन्द्रित" बाट "जन-केन्द्रित (Human Security)" दृष्टिकोणतर्फ नीतिगत रूपान्तरण गर्ने।

ग. सार्वजनिक शान्ति, व्यवस्था र सामाजिक नियमहरूको पालना सुनिश्चित गर्ने प्रहरी कार्यहरू गर्न 'सुरक्षा' र आदेश व्यवस्थापन (Order Maintain) बीचको भिन्नता स्पष्ट गरी लोकतान्त्रिक पुलिसिङको आधार निर्धारण गर्ने।

घ. शक्ति (Power) र उत्तरदायित्व (Accountability) को स्थान स्पष्ट गर्ने लोकतान्त्रिक सुरक्षा आर्किटेक्चर विकास गर्नुपर्ने।

ङ. आन्तरिक सुरक्षा सम्बन्धी स्पष्ट, लिखित तथा व्यवस्थित नीति तर्जुमा गर्ने।

च. अन्तर्राष्ट्रिय सुरक्षा सहयोग र वैदेशिक सहायता लिँदा रणनीतिक स्वायत्तता (security autonomy) संरक्षण सम्बन्धी स्पष्ट नीति तय गर्नुपर्ने।

छ. संस्थागत स्वायत्तता (Autonomy), पेशागत निष्पक्षता र Ethical Policing लाई सुदृढ गर्ने नीति अवलम्बन गर्नुपर्ने।

ज. लोकतान्त्रिक पुलिसिङ र अकाउन्टेबिलिटीलाई नयाँ सेक्युरिटी आर्किटेक्चरमा अनिवार्य रूपमा समावेश गर्नुपर्ने।

झ. सुरक्षा कूटनीति (Security Diplomacy) लाई राष्ट्रिय सुरक्षा नीतिमा स्पष्ट रूपमा समावेश गर्नुपर्ने।

ञ. Cross-border, Cyber, Financial, Transnational Crime लगायतका उदीयमान चुनौती सम्बोधन गर्न कानुनी तथा नीतिगत अद्यावधिक गर्नु पर्ने।

ट. Human Security, Integrated Security Approach र Shifting Security Reference लाई नीतिगत रूपमा समेट्नु पर्ने।

ठ. डिजिटल, एआई (AI) र भर्चुअल स्पेसमा उदीयमान सुरक्षा चुनौतीहरू सम्बोधन गर्ने दीर्घकालीन रणनीति विकास गर्ने।

ड. विभिन्न सुरक्षा, अनुसन्धान र प्रशासनिक निकायहरूको तथ्याङ्क, सूचना र अनुसन्धान विवरणलाई एकै स्थानमा जम्मा गरेर विश्लेषण गर्ने संयुक्त विश्लेषणात्मक (Joint Analytical & Statistical Analysis) इकाइ स्थापना गर्नु पर्ने, जसले अपराध नियन्त्रण तथा अनुसन्धानमा दक्षता र रणनीतिक योजना निर्माणमा आधुनिक, वैज्ञानिक र तथ्याङ्कमा आधारित दृष्टिकोण ल्याउँछ।

ढ. प्रहरी र सिभिलियन विशेषज्ञबीच दीर्घकालीन सहकार्य संरचना विकास गर्ने । बाह्य सिभिलियन विशेषज्ञ (policy experts, sociologists, cyber experts, researchers) लाई संस्थागत रूपमा समेट्ने रणनीति बनाउनु पर्ने ।

ण. अन्तर्राष्ट्रिय प्रभाव पर्ने निर्णयहरू गर्दा कूटनीतिक आयाम समेट्ने रणनीतिक दृष्टिकोण अपनाउने ।

त. संस्थालाई "Ahead of Society" बनाउने गरी अनुसन्धान, तथ्याङ्क विश्लेषण र अन्तर विषयगत क्षमता विकास गर्ने ।

थ. सुरक्षा खतरा म्यापिङ (Security Threat Mapping) लाई संस्थागत अभ्यासको रूपमा विकास गर्ने ।

द. प्रहरी संस्थाको operational autonomy कायम राख्नुपर्ने ।

ध. ट्रान्सनेशनल अपराध (scam center, trafficking, cybercrime) विरुद्ध विशेष अनुसन्धान र विश्लेषण क्षमता विस्तार गर्नुपर्ने ।

न. सुरक्षा चुनौतीहरूको नियमित विश्लेषण र म्यापिङ गर्ने कार्यप्रणाली विकास गर्ने ।

ऩ. मानव सुरक्षाका आयाम (Human Security Dimensions) लाई प्रहरी कार्य सम्पादनमा समावेश गर्ने।

प. निर्णय प्रक्रियामा 'कसले शक्ति प्रयोग गर्छ ?' र 'को प्रति उत्तरदायी छ ?' भन्ने स्पष्ट कार्यविधि लागू गर्ने।

फ. आदेश व्यवस्थापन र सुरक्षा कार्यबीच व्यावहारिक दिशानिर्देश तयार गरी लागू गर्ने ।

ब. राष्ट्रिय र आन्तरिक सुरक्षाबीच समन्वय गर्दै स्पष्ट पुलिसिङ मोडालिटी निर्धारण गर्नुपर्ने ।

### २.२.३. सत्र निष्कर्ष

क. राष्ट्रिय सुरक्षा वातावरण (National Security Environment), संस्थागत विश्वसनीयता (Institutional Credibility) र कार्यगत/अपरेसनल स्वायत्तता (Functional/Operational Autonomy) जस्ता महत्त्वपूर्ण विषयमा स्पष्ट इनपुट प्राप्त भएको,

ख. नेतृत्व तहमा यी विषयहरूलाई कार्यान्वयनमा ल्याउने दिशामा बहस उपयोगी आधार बन्ने देखिएको,

ग. इन्टेलिजेन्स संरचना र क्षमतामा सुधार अपरिहार्य रहेको विषय सबैले स्वीकार गरेको देखिन्छ; यसलाई कार्यान्वयनयोग्य (actionable) मोडेलमा लैजानु जिम्मेवारी भएको,

घ. ठूलो र तीव्र (rapid) ट्रान्सफर्मेसनको आवश्यकता अहिलेको "right moment" सँग जोडिएको छ । विगतमा देखिएको अप्रत्याशित सामाजिक/राजनीतिक फ्लो कसरी उत्पन्न भयो र भविष्यमा त्यस्ता अवस्था कसरी व्यवस्थापन गर्ने भन्ने गहिरो विश्लेषण आवश्यक रहेको,

ङ. समग्रमा, "पुलिसको सुरक्षा दिशा (Security Direction)" कस्तो हुनुपर्छ भन्ने विषयमा रणनीतिक सोच विकास गर्न महत्त्वपूर्ण सहयोग पुऱ्याएको निष्कर्ष निकाल्न सकिन्छ ।

## २.३. अपराधका पारम्परिक र नविनतम प्रवृत्तिहरू: पहिचान रोकथाम र ,अनुसन्धानका प्रहरी रणनीतिहरू

### २.३.१. पहिचान गरिएका समस्याहरू

**क. साइबर अपराध वृद्धि र कानूनी–प्राविधिक तयारी अपुग**

पारम्परिक अपराधबाट डिजिटल, अनलाइन फ्रड, ह्याकिङ, हनी ट्र्याप, क्रिप्टोकरेन्सी ठगी जस्ता अपराधमा रूपान्तरण हुँदा कानुनी र प्राविधिक तयारी अपुग रहेको ।

**ख. अपर्याप्त र अस्पष्ट फौजदारी कानून**

साइबर सुरक्षा ऐनको अभाव, सफेदपोश अपराध नियन्त्रणका स्पष्ट कानुनको कमी, दोहोरो अपराधीकरण र अस्पष्ट कानुनी परिभाषाहरूका कारण अनुसन्धानमा कठिनाइ।

**ग. न्याय प्रणालीमा ढिलाइ**

समयमै अनुसन्धान र फैसला नहुँदा पीडित तथा साक्षी प्रभावित हुने, न्याय प्राप्ति कठिन हुनु।

**घ. फरेन्सिक पूर्वाधार र कमजोर प्रमाण व्यवस्थापन**

प्रदेश स्तरमा फरेन्सिक प्रयोगशाला अभाव, chain of custody प्रभावकारी रूपमा कायम नहुनु।

**ङ. तथ्याङ्क व्यवस्थापन, अभिलेख र Early Warning प्रणालीको कमजोरी**

अपराध तथ्याङ्कको अभाव, unreported case धेरै हुनु, hotspot विश्लेषण तथा जोखिम मूल्याङ्कन प्रणाली कमजोर हुनु।

**च. अनुसन्धान, अभियोजन र न्यायिक निकायबीच समन्वयको कमी**

प्रहरी, सरकारी वकिल र अदालतबीच प्रभावकारी समन्वय अभावले मुद्दा कमजोर हुनु।

**छ. पीडित, साक्षी तथा बाल न्याय प्रणालीमा कमजोरी**

साक्षी प्रणाली कमजोर (Witness protection), Hostile साक्षीको समस्या, बाल अपराधीहरूको अभिलेख तथा मनोवैज्ञानिक परीक्षणको अभाव।

**ज. सार्वजनिक विश्वास र पारदर्शितामा कमी**

निष्पक्ष सेवामा शंका, FIR दर्ता गर्न आनाकानी, मिलापत्रको दुरुपयोग, पहुँचको आधारमा सेवा दिएको आरोपले प्रहरी प्रति विश्वास कमजोर हुनु।

**झ. विशिष्टिकृत जनशक्ति र प्रविधिगत दक्षताको अभाव**

साइबर, वित्तीय, फरेन्सिक, एआई आधारित अनुसन्धानका लागि आवश्यक तालिम, सीप र विशेषज्ञता अपर्याप्त हुनु।

### २.३.१. छलफलका सुझावहरू तथा सिकाई

क. नीति निर्माताहरूको क्षमता अभिवृद्धि - कानून तर्जुमाको लागि नीति निर्माण तहमा रहेका जनप्रतिनिधिहरूमा कानूनी विषय, आवश्यकता र सोको प्रयोग सम्बन्धमा ज्ञानको कमी रहेकोले जनप्रतिनिधि सम्ममा फौजदारी न्याय प्रणाली बारे अनिवार्य प्रशिक्षण गराउनु पर्ने।

ख. कानूनी एकीकरण र परिमार्जन - हाल विद्यमान रहेका विशेष कानूनको हकमा रहेका अपर्याप्तता र समयानुकूल कानूनको अभाव रहेकोले, कानून कार्यान्वयनमा बाधा गर्ने वा दोहोरो अर्थ लाग्ने कानूनहरूलाई समयानुकूल नयाँ चुनौतीहरूलाई सम्बोधन गर्ने गरी कानूनहरू एकिकृत गरिनुपर्ने।

ग. अन्तर्राष्ट्रिय कानूनी सहायता र सीमा सुरक्षा - कानून कार्यान्वयनको सम्बन्धमा सिमापार अपराधहरूमा राज्यको कमजोर अवस्था विद्यमान रहेको हुँदा राष्ट्रिय स्वार्थलाई सम्बोधन गर्ने गरी राष्ट्रिय सुरक्षा नीतिको सामूहिक प्रतिबद्धता मार्फत अन्तर्राष्ट्रिय कानूनको प्रयोगमा विशेष प्राथमिकता दिनुपर्ने।

घ. विशिष्टिकृत जनशक्ति व्यवस्थापन - नविनतम् अपराधमा बढ्दो प्रविधिहरूको प्रयोग विरुद्ध अनुसन्धानकारी निकाय तथा सरोकारवाला अन्य निकायहरूमा समेत आधुनिक उपकरण तथा दक्ष जनशक्तिहरूको अभावले फौजदारी न्याय प्रणालीमा पार्ने प्रभावलाई सम्बोधन गरिनुपर्छ।

ङ. वृत्ति विकासको निरन्तरता र पदस्थापन - अपराध अनुसन्धानमा कार्यरत जनशक्तिलाई सोही विधामा टिकाइ राख्न (Retain) विशेष प्रोत्साहन भत्ताको व्यवस्था गरिनु पर्ने साथै, सरुवा गर्दा एक अनुसन्धान शाखाबाट अर्को कार्यालयको अनुसन्धान शाखामै पठाउने (Post-Retainment) नीति अवलम्बन गरिनु पर्ने।

च. फरेन्सिक सेवाको विकेन्द्रीकरण - भौतिक प्रमाणको शीघ्र र प्रभावकारी परीक्षणका लागि हाल केन्द्रमा सीमित रहेका फरेन्सिक प्रयोगशाला (Forensic Lab) हरूलाई प्रदेश स्तरमा विस्तार (Decentralized) गरिनुपर्ने।

छ. केन्द्रिकृत तथ्याङ्क प्रणाली (Centralized data system ) लाई कार्यान्वयनमा ल्याई सबै अनुसन्धान गर्ने प्रहरी इकाईहरूमा सजिलै पहुँच हुनु पर्ने।

ज. नयाँ कार्यभारको सिर्जना: घटनास्थलको वैज्ञानिक अनुसन्धानका लागि SOCO अधिकृतहरू जस्तै जटिल वित्तीय अपराधहरूको अनुसन्धानका लागि छुट्टै 'आर्थिक अधिकृत' (Economic/Financial Investigation Officer) को दरबन्दीको व्यवस्था गरिनु पर्ने।

झ. सामाजिक सञ्जाल अनुसन्धानमा सहजता: सामाजिक सञ्जालमार्फत हुने अपराधहरूको पहिचान र अनुसन्धानका लागि प्राविधिक पहुँच र स्रोत-साधनलाई थप सुदृढ बनाइनुपर्ने।

**अल्पकालीन अवधिमा गर्नु पर्ने कार्यहरू**

- नेपाल प्रहरीमा विशेष गरी अपराध अनुसन्धान समूहमा कार्यरत कर्मचारीहरूमा कार्य जिम्मेवारीको बोझ अत्याधिक रहेको छ। यसका लागि अपराधको प्रकृतिअनुसार तालिम प्राप्त दक्ष जनशक्ति, आवश्यक स्रोत र साधनहरूको उपयुक्त व्यवस्थापन गर्नुपर्ने आवश्यकता छ।
- हालको प्रमाणमूखी अनुसन्धान भएको कारण नेपाल प्रहरीको सबै मुद्दा चल्ने लगायत मुद्दा नचल्ने प्रहरी इकाईहरूमा पनि आवश्यक उपकरणहरू सहित SOCO तालिम प्राप्त दक्ष जनशक्तिलाई परिचालन गर्दै लैजानुपर्ने।
- नेपाल प्रहरीका कर्मचारीहरू अनुसन्धान समूह र SOCO समूहमा काम गर्न अनिच्छुक रहेका छन्। यस समस्या समाधानका लागि बृहत् छलफल गरी यसतर्फ सकारात्मक दृष्टिकोण कायम गर्न निश्चित मापदण्ड (criteria) तय गर्नु आवश्यक छ। साथै सेवा सुविधा र व्यावसायिक विकासका योजना तयार गरी तत्काल कार्यान्वयन गर्नुपर्छ।
- नेपाल प्रहरीका सबै कार्यालयहरूमा डिजिटल अपराध सम्बन्धी आधारभूत ज्ञानको समेत कमी भएकोले अनुसन्धानको पहिचान र कार्यान्वयनमा कठिनाइहरू देखा परिरहेका छन्।
- अल्पकालीन अवधिमा लामो अनुभव र प्राविधिक ज्ञान भएका नेपाल प्रहरीका विज्ञलाई समावेश गरी 'Unified Team' अवधारणा अनुसार देशभरका इकाईहरूमा व्यवहारिक र सैद्धान्तिक प्रशिक्षण प्रदान गर्नु आवश्यक रहेको छ।

**दीर्घकालीन अवधिमा गर्नु पर्ने कार्यहरू**

- अपराध अनुसन्धानमा कार्यरत प्रहरी कर्मचारीलाई सोही स्थानमा Retain गर्न प्रोत्साहनको व्यवस्था गर्नुपर्छ।
- अपराध अनुसन्धानको क्षेत्रमा अन्य शीर्षक भन्दा बढी नै रकम विनियोजन गरिनुपर्छ।
- बहिर्क्षेत्रीय सन्धिलाई थप बिस्तार एवं प्रभावकारिताको लागि सम्बन्धित निकाय तथा नीति निर्माण तहसम्म पहलकदमीको लागि सम्प्रेषण तथा आवश्यक समन्वय गरिनु पर्ने।
- पछिल्ला समय प्रविधिसँग जोडिएर आएका अपराधलाई समयानुकूल नियन्त्रण तथा नियमन गर्न छुटै इकाई खडा गरिनु पर्ने। (जस्तै : AI बाट सिर्जित विकराल समस्या )
- विशेष कानून र सामान्य कानूमा बाझिएका विषयहरूको दफाहरू तथा हाल विद्यमान कानूनी प्रावधानहरूलाई स्पष्ट रूपमा संशोधन गर्न सम्बन्धित निकायहरूसँग समन्वय गरिनु पर्ने।

### २.३.३. सत्र निष्कर्ष :

यस सत्रमा प्रहरी, सरकारी वकिल र न्यायिक निकायले अनुसन्धान, अभियोजन र न्यायिक निरूपण गर्ने कार्यलाई अझ वस्तुनिष्ठ र प्रमाणमुखी बनाउँदै सबै पक्ष बीच प्रभावकारी समन्वय सुनिश्चित गर्नुपर्ने

देखिन्छ । अपराध अनुसन्धानको कार्यान्वयनमा उत्पन्न कानूनी जटिलताहरूलाई आवश्यकतानुसार सम्बोधन गर्न सम्बन्धित निकायहरूले पहल गर्नु आवश्यक छ । साथै, बढ्दो प्रविधिजन्य अपराधका चुनौतीसँग सामना गर्न सक्षम हुन एकीकृत इकाई वा कार्यालय स्थापना गर्नुपर्छ । यसले नियमन, नियन्त्रण र समन्वयमा सहजता ल्याउनेछ ।

अपराधसँग सम्बन्धित विस्तृत पक्षमा सरोकारवाला निकायहरूले प्रभावकारी तथ्याङ्क राख्नु पर्नेछ र आवश्यकतानुसार प्रहरीको लागि सहज पहुँचको व्यवस्था हुनुपर्छ । अनुसन्धानमा कार्यरत प्रहरी कर्मचारीको सरुवा, बढुवा र पदस्थापनमा स्पष्ट प्राथमिकता तय गरी यस समूहमा काम गर्ने कर्मचारीमा सकारात्मक सोच निर्माण गर्न विशेष कार्यक्रम लागू गर्नुपर्ने छ । साथै, भौतिक सबुतको छिटो परीक्षण र रिपोर्ट प्राप्तिका लागि फोरेन्सिक ल्याबलाई प्रदेश तहसम्म सेवा विस्तार गरी विकेन्द्रीकरण गर्ने रणनीति अपनाउन आवश्यक छ ।

## २.४. विरोध प्रदर्शन व्यवस्थापन: नागरिकको संवैधानिक अधिकारको संरक्षण र राज्यको दायित्व निर्वाहको सन्दर्भमा प्रहरी र शान्ति सुव्यवस्थाको दृष्टिकोण

### २.४.१. पहिचान गरिएका समस्याहरू

**क. बल प्रयोग सम्बन्धी स्पष्ट राष्ट्रिय कानुनको अभाव**

विरोध प्रदर्शन व्यवस्थापनका लागि छुट्टै बल प्रयोग सम्बन्धी ऐन नभएकोले कानुनी अन्योल र विवाद सिर्जना हुनु ।

**ख. विद्यमान कानुनमा अन्तर विरोध**

स्थानीय प्रशासन ऐन, २०२८ र अन्तर्राष्ट्रिय मापदण्डबीच असंगति तथा आत्मरक्षा, सार्वजनिक सुरक्षा जस्ता विषयमा स्पष्टता नहुनु । अन्तिम विकल्प (Necessity) र समानुपातिकता (Proportionality) सिद्धान्तको अस्पष्ट कार्यान्वयन, बल प्रयोग कहिले, कसरी र कसको आदेशमा गर्ने भन्ने विषयमा व्यवहारिक अन्योल देखिनु ।

**ग. राजनीतिक हस्तक्षेप र प्रहरीको राजनीतिकरण**

प्रहरी सङ्गठनको दलीयकरण, निर्णय प्रक्रियामा राजनीतिक प्रभाव र व्यावसायिक स्वतन्त्रतामा कमजोरी ।

**घ. विरोध प्रदर्शनको पूर्व सूचना र व्यवस्थापन प्रणालीको कमजोरी**

पूर्व अनुमति नलिने प्रवृत्ति, आयोजकको पहिचान र उद्देश्य मूल्याङ्कन गर्ने प्रभावकारी संयन्त्रको अभाव ।

**ङ. विरोध प्रदर्शनका लागि निश्चित स्थान र समय निर्धारण नहुनु**

व्यवस्थित, सुरक्षित र सञ्चारमैत्री प्रदर्शन स्थलको अभावका कारण अराजकता र सार्वजनिक असुविधा बढ्नु ।

**च. घरेलु हातहतियार तथा हिंसात्मक प्रवृत्तिको वृद्धि ।**

प्रदर्शनका क्रममा रड, गुलेली, लाठी, ढुंगा आदिको प्रयोगले 'शान्तिपूर्ण सभा' को परिभाषामा जटिलता ल्याउनु ।

**छ. नागरिक समाज, मिडिया र अन्य राज्य अंगहरूको संस्थागत कमजोरी**
मल्टिपल अर्गान फेलियर, घृणात्मक अभिव्यक्ति (हेट स्पिच), भ्रामक सूचना (मिस/डिस इन्फर्मेशन) को प्रभाव बढ्नु।

**ज. जवाफदेहिता (Accountability) र अनुगमन प्रणालीको कमजोरी**
बल प्रयोगपछि पारदर्शी छानबिन, कारबाही र उत्तरदायित्व सुनिश्चित गर्न स्पष्ट मापदण्ड नहुनु।

**झ. सार्वजनिक सुरक्षा र नागरिक अधिकारबीच सन्तुलन कायम गर्न चुनौती**
'प्रोटेक्ट सिभिलियन' कि 'प्रोटेक्ट स्टेट' भन्ने द्विविधा, संवैधानिक अधिकार र राष्ट्रिय सुरक्षाबीच सन्तुलनको अभाव हुनु।

### २.४.२. छलफलका सुझावहरू तथा सिकाई

क. विरोध प्रदर्शनका लागि निवेदन दिने र त्यसको स्वीकृती/अस्वीकृति सम्बन्धमा नीतिगत तथा कानुनी व्यवस्था हुनुपर्ने

ख. प्रहरी परिचालन एवं सेवा सुविधा सम्बन्धी समय सापेक्ष प्रहरी सेवा ऐन निर्माण हुनुपर्ने

ग. विरोध प्रदर्शनमा खटिने प्रहरी र आवश्यक बल प्रयोग गर्न आदेश दिने फरक निकाय रहेको कारणबाट जिम्मेवारी लिने विषयमा एकले अर्कोलाई देखाएर पन्छिने प्रवृति रहेकोले सो कुरालाई स्पष्ट पार्न प्रभावकारी ऐन कानुन निर्माण हुनुपर्ने।

घ. प्रहरीले अहिलेको परिस्थितिको सदुपयोग गरी आवश्यक गैह्रघातक हतियार खरिद गर्नुपर्ने।

ङ. प्रदर्शनमा खटिने प्रहरी र पक्राउ परेका प्रदर्शनकारीहरूलाई व्यवस्थापनमा प्रयोग हुने प्रहरी फरक फरक हुनुपर्ने।

च. प्रदर्शनमा खटिने प्रहरीलाई हतियारसम्बन्धी तालिम र बर्सेनि निश्चित मात्रामा फायरिङको अभ्यास गराउनुपर्ने।

छ. Riot Control Gear मा लामो समयसम्म ड्युटी गर्न गाह्रो हुने भएकाले Reserve Force को व्यवस्था हुनुपर्ने

ज. प्रदर्शनकारीको प्रदर्शन गर्ने र गराउने प्रवृति Advanced भएको सन्दर्भमा सोही अनुसार दक्ष प्रहरी जनशक्ति व्यवस्थापन गरी परिचालन गर्नु पर्ने।

झ. प्रहरी र अन्य सुरक्षा निकायहरूका बीचमा आवश्यक समन्वय हुनुपर्ने।

### २.४.३. सत्र निष्कर्ष

विरोध प्रदर्शन नागरिकको संवैधानिक अधिकार भएको सन्दर्भमा सार्वजनिक शान्ति, सुव्यवस्था र अन्य नागरिकको अधिकार संरक्षण गर्नु राज्य तथा प्रहरीको मूल दायित्व भएकोले वर्तमान अवस्थामा विरोध प्रदर्शन, बल प्रयोगको जिम्मेवारीमा स्पष्टताको अभाव, आवश्यक समन्वयात्मक कमजोरी, साधन-स्रोतको अपर्याप्तता र तालिमको कमी लगायतका समस्या रहेकाले यस्ता समस्याहरूको समयमै समाधान गर्नुपर्ने देखिन्छ। बल प्रयोग गर्दा यस सम्बन्धी रहेका उपयोगी अन्तर्राष्ट्रिय सिद्धान्तहरूको आत्मसाथ गरी समय सापेक्ष नीतिगत तथा कानुनी व्यवस्था गर्नुपर्ने निष्कर्ष सत्रको छलफलबाट निकालियो।

समग्रमा, स्पष्ट कानुनी आधार, व्यावसायिक दक्षता, प्रभावकारी समन्वय र मानव अधिकारमैत्री दृष्टिकोणमार्फत मात्र भविष्यका जटिल बन्दै जाने विरोध प्रदर्शनलाई सन्तुलित र विश्वसनीय ढंगले व्यवस्थापन गर्न सकिने निष्कर्षसहित सत्र सम्पन्न भएको थियो।

## २.५. विश्वास, सहकार्य र सुधार: नेपाल प्रहरी र नागरिक सम्बन्धको रूपान्तरण

### २.५.१. पहिचान गरिएका समस्याहरू

**क. राजनीतिक हस्तक्षेपले प्रहरीको व्यवसायिकतामा अवरोध**

प्रहरीको काममा राजनीतिक दबाब र सरुवा/बढुवामा हस्तक्षेप हुँदा निष्पक्ष कानुन कार्यान्वयन गर्न नसकिने विद्यमान अवस्था रहेको।

**ख. नागरिकसँगको दूरी र विश्वास अभाव नै पुलिसिङ (Policing) को समस्या**

नागरिकलाई प्रहरीबाट डर लाग्ने, सम्मान वा समान व्यवहार नपाउने अनुभव हुने अवस्था देखिएको हुँदा, यसले प्रहरी र नागरिक बिचको विश्वास कमजोर भएको देखिन्छ।

**ग. प्रहरी सेवाको पहुँचमा कमी**

प्रहरीले प्रदान गर्ने सेवामा सिमान्तकृत र अपसङ्ख्यहरूको पहुँच कायम हुन नसक्दा यसले प्रहरी र नागरिक बीच विश्वास आर्जन गर्नमा  समस्या सिर्जना गरेको।

**घ. सामुदायिक प्रहरीको सीमित प्रभाव**

सामुदायिक प्रहरी सेवा केन्द्रको काम र पहुँच पुग्न पर्ने सबै निकायमा पुग्न नसक्दा, सेवाको सीमितता रहेको छ, नागरिकसम्म सेवा र सचेतना पुऱ्याउन चुनौती रहेको।

**ङ. कानूनी र नियमावलीको स्पष्टता अभाव**

नागरिक र प्रहरी बीच द्वन्द्व उत्पन्न हुने, कानुन कार्यान्वयन गर्दा नियम र अधिकारहरू अस्पष्ट रहनु।

**च. प्रविधि र डिजिटल उपकरणको अपर्याप्त प्रयोग**

आधुनिक प्रविधि प्रयोग गरेर अपराध नियन्त्रणमा सहयोग पुऱ्याउनुपर्ने भए पनि प्रविधि अझै प्रभावकारी रूपमा प्रयोग भैरहेको छैन।

**छ. प्रहरीको व्यवहार र तालिममा कमजोरी**

सडकमा खटिएका जवानहरूको बोली, शैली, र जनतालाई सम्मानसहित सेवा दिने व्यवहार पर्याप्त छैन।

**ज. भिड नियन्त्रण र आन्दोलनमा चुनौती**

कानुनी बल प्रयोग गर्दा पनि नागरिकसँग द्वन्द्व पैदा हुने, भिड नियन्त्रणमा समस्या।

**झ. नागरिक शिक्षित वर्गसँग द्वन्द्व**

कानुनको पालना गराउनुपर्ने अवस्थामा केही शिक्षित वर्गले प्रहरीको वैधानिक अधिकार प्रयोगलाई शक्ति प्रदर्शन वा अहङ्कारका रूपमा व्याख्या गर्ने प्रवृत्ति देखिन्छ। यसका साथै सामाजिक सञ्जाल तथा अन्य माध्यमबाट अपूर्ण वा गलत सूचना फैलिँदा प्रहरी र नागरिक बीच अविश्वास र अनावश्यक द्वन्द्व सिर्जना हुने गरेको छ।

**ञ. Victim र Vulnerable समूहको संवेदनशीलता**

बौद्धिक अपाङ्गता भएका वा पीडित नागरिकको संरक्षण, Trauma-informed Approach र State-as-Therapist सेवा पर्याप्त छैन।

### २.५.२. छलफलका सुझावहरू तथा सिकाई

क. प्रहरीको परिचालन राजनीतिक निर्णयबाट नभई कार्यगत स्वायत्तता (Functional Autonomy) बाट भएको हुनुपर्दछ।

ख. सुधार पोसाकमा होइन, प्रहरीको सोच र यो राजनीतिक हस्तक्षेपको जालोमा हुनुपर्छ।

ग. प्रहरी भनेको 'समाजको ऐना' हो। समाज जस्तो छ, प्रहरी पनि त्यस्तै हुन्छ, यद्यपि प्रहरीले समाजलाई सुधार्ने नेतृत्व लिनुपर्छ। नागरिकले प्रहरीलाई देख्दा 'अब यसले दुःख दिने भयो' भन्ने भाव होइन बरु 'म सुरक्षित भएँ' भन्ने महसुस हुनुपर्छ।

घ. अहिलेको डिजिटल युगमा प्रहरीले प्रविधिको अधिकतम प्रयोग गर्नुपर्छ । व्यवहार रुखो छ भने जतिसुकै आधुनिक प्रविधि ल्याए पनि त्यसले नागरिकको विश्वास जित्न सक्दैन । तसर्थ यस्तो प्रविधि चलाउने मान्छेको मनमा चाहिँ 'सेवाको भाव' हुनुपर्छ ।

ङ. 'मुस्कानसहितको सेवा' भन्ने नारा त राम्रो छ, तर त्यो मुस्कान भित्रैदेखि आएको हुनुपर्‍यो, केवल देखाउनका लागि मात्र होइन । नागरिक र प्रहरीबीचको यो खाडल पुर्नलाई दुवै तर्फबाट इमानदार प्रयास हुनुपर्छ ।

च. प्रहरीले नागरिकलाई विश्वास गर्नुपर्छ र नागरिकले प्रहरीलाई आफ्नो साथी मान्नुपर्छ, यस्तो सुरुवात प्रहरीको तालिम केन्द्रहरूबाटै हुनुपर्छ ।

छ. बर्दी लगाएपछि प्रहरीमा जुन 'पावर' को अहङ्कार आउँछ, त्यसले चाहिँ नागरिकलाई टाढा बनाउने हुँदा अहंकारलाई दायित्वबोध/जिम्मेवारीमा परिवर्तन गराउन प्रहरी केन्द्रित हुनु पर्दछ । प्रहरी सङ्गठन भित्र र बाहिर देखाउने दाँत एउटै हुनुपर्छ, प्रहरी रणनीति देखाउने दाँत र चपाउने दाँत जस्तो हुनु भएन ।

ज. प्रहरीको कार्य स्वभावतः कठिन र संवेदनशील हुने भएकाले संस्थागत सोचमा परिवर्तन गर्दै क्षमता अभिवृद्धि, सेवा सुविधामा सुधार र कर्मचारी प्रेरणामूलक रणनीति अवलम्बन गर्न आवश्यक छ ।

झ. प्रहरीले राज्यको Therapist को भूमिकामा रही पीडितको कुरा गम्भीरतापूर्वक सुन्ने, धैर्यशील र सहनशील व्यवहार अपनाउँदै पीडितको गुनासो सम्बोधन गर्ने वातावरण सिर्जना गर्नुपर्छ ।

ञ. प्रहरी तालिममा बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूको सहभागिता सुनिश्चित गर्दै, पीडितसँग व्यवहार गर्दा Trauma-Informed Approach अपनाउने र फरक क्षमता भएका नागरिकलाई प्राथमिकतामा राख्ने नीति अवलम्बन गर्न आवश्यक छ ।

ट. सामुदायिक प्रहरी सेवा केन्द्रमा खटिएका प्रहरीद्वारा घरदैलो स्तरसम्म सचेतना फैलाउने कार्य प्रभावकारी देखिएकोले, सामुदायिक प्रहरीलाई ऐन र कानुनमा स्पष्ट रूपमा परिभाषित गरी नागरिक स्तरसम्म सेवा पुर्‍याउने कार्यमा केन्द्रित रूपमा परिचालन गर्नुपर्छ, जसले सकारात्मक परिणाम दिनेछ।

ठ. विश्वास, सहकार्य र सुधारका लागि टोल सुधार समितिसँग सहकार्य गर्ने गरी नीति ल्याई कानूनको विषयमा Sub–Topic को रूपमा प्रहरीसँगको सहकार्य भन्ने विषय पाठ्यक्रममा समावेश गरी सम्पूर्णमा शिक्षा दिनुपर्ने ।

### २.५.३. सत्र निष्कर्षः

जबसम्म एउटा प्रहरीले आफ्नो सरुवा रोक्न नेताको दैलो धाउनुपर्छ, उसले नागरिकको पक्षमा निष्पक्ष काम गर्नै सक्दैन । ऊ त केवल आफ्नो 'मालिक' (नेता) लाई खुसी पार्न लाग्छ । Digital Technology ले अपराध नियन्त्रणमा सहयोग पुर्‍याउँछ, नेपाल प्रहरीले Digital Technology अपराध नियन्त्रणको Tool को रूपमा कसरी विस्तार गर्ने लगायतका विषयहरूमा वक्ताहरूबाट नीतिगत, कानूनी, परिचालन, समन्वय तथा रणनीतिक योजनाको लागि समय सान्दर्भिक महत्त्वपूर्ण सुझावहरू प्राप्त भएकोले यसले नेपाल प्रहरी तयार गर्न गइरहेको रणनीतिक कार्य योजनामा मार्ग चित्रको रूपमा सहयोग पुग्ने विश्वास लिएको निष्कर्ष निकालियो । छलफलबाट नेपाल प्रहरीले Training , गोष्ठी लगायत जे गरिन्छ त्यो व्यवहारमा हुनु पर्ने, Law enforcement सजिलो छैन र गलत पनि होइन, प्रहरीसँग कुनै कार्यको लागि तयारीको समय हुँदैन त्यसैले प्रहरीबाट कुनै गल्ती भै हाले पनि त्यसलाई सचेत गराउँदै सहज रूपमा लिनु पर्छ भन्ने सामूहिक धारणा पाइयो । नागरिकको मर्यादा गर्नु प्रहरीको कर्तव्य हो । तर यो व्यवहार अपराधीसँग फरक हुन्छ र हुनुपर्छ ।

## २.६. नेपाल प्रहरीमा मानवश्रोत व्यवस्थापनः दक्ष, उच्च मनोबल र उत्प्रेरित जनशक्ति सुनिश्चित गर्ने रणनीतिहरू

### २.६.१. पहिचान गरिएका समस्याहरू

**क. वस्तुगत सूचकाङ्कमा आधारित मूल्याङ्कन प्रणालीको अभाव**

कार्यसम्पादन मूल्याङ्कन प्रणाली कमजोर हुनुका साथै कर्मचारीको कार्य विवरण (Job Description) र वार्षिक लक्ष्यसँग प्रत्यक्ष आबद्ध भएको वस्तुगत सूचकाङ्क 'Key Performance Indicator (KPI)' र 'Key Result Area (KRA)' को अभाव रहेको देखिन्छ।

**ख. कर्मचारी व्यवस्थापनमा पारदर्शिताको कमी**

सरुवा, पदस्थापन तथा बढुवामा पारदर्शिताको अभाव रहेको देखिन्छ, जसमा स्पष्ट मापदण्डको कमी र राजनीतिक वा अन्य बाह्य प्रभावको सम्भावना रहन सक्छ।

**ग. अनावश्यक हस्तक्षेपका कारण मनोबलमा ह्रास**

शान्ति, सुरक्षा तथा अनुसन्धान जस्ता संवेदनशील कार्यहरूमा हुने अनावश्यक हस्तक्षेपका कारण कर्मचारीहरूको व्यावसायिक मनोबलमा ह्रास आएको देखिन्छ।

**घ. न्यून पारिश्रमिक र अपर्याप्त सामाजिक सुरक्षा**

कार्यको प्रकृति र जोखिमको तुलनामा न्यून पारिश्रमिक तथा अपर्याप्त सामाजिक सुरक्षाका कारण कर्मचारीहरूमा आर्थिक असुरक्षा देखिएको छ। विशेष गरी सेवा निवृत्त पश्चात् (Post-retirement) को सामाजिक सुरक्षा योजना कमजोर हुनुले दक्ष जनशक्तिलाई टिकाउन चुनौती थपेको छ।

**ङ. उच्च टर्नओभर र रिटेन्सन समस्या**

योग्य कर्मचारीहरू राम्रो अवसर तथा उच्च पारिश्रमिकको कारण विदेश वा अन्य क्षेत्रतर्फ आकर्षित हुने।

**च. Work-life Balance को अभाव**

२४ घण्टा ड्युटीको प्रकृतिका कारण पारिवारिक र व्यक्तिगत जीवनमा असन्तुलित। कार्यको प्रकृति २४ घण्टा ड्युटीमा आधारित हुनाले कर्मचारीहरूको कार्य-जीवन सन्तुलन (Work-life Balance) मा अभाव देखिनुका साथै पारिवारिक र व्यक्तिगत जीवन असन्तुलित बनेको छ।

**छ. निरन्तर सिकाइ, तालिम र सीपको कमी**

प्रविधि र बदलिँदो अपराधसँग तालमेल राख्ने पर्याप्त तालिम तथा क्षमता विकासको कमी।

**ज. सामाजिक वैधानिकता (Social Legitimacy) र सार्वजनिक विश्वास कमजोर हुनु**

सामाजिक सञ्जालमा नकारात्मक प्रचार, media manipulation र संस्था प्रति घट्दो सम्मान सामाजिक वैधानिकता र सार्वजनिक विश्वासमा ह्रास आएको छ, जसले गर्दा जनस्तरमा संस्थाप्रतिको सम्मान घट्दो क्रममा देखिन्छ।

**झ. नीतिगत अस्थिरता र कानुनी आधार कमजोर हुनु**

ऐनभन्दा नियमावलीमा निर्भरता, बारम्बार नीतिगत परिवर्तन र दीर्घकालीन रणनीतिक स्थायित्वको अभाव।

### २.६.२. छलफलका सुझावहरू तथा सिकाई

क. प्रहरी जनशक्तिलाई सङ्गठन प्रति आकर्षित गर्न केवल तलव-सुविधा मात्र नभई जोखिम पूर्ण कामको मानसिक तथा वित्तीय सुरक्षा सुनिश्चित गर्नुपर्छ । साथै, अवकाशपछिको सामाजिक सुरक्षा (Social Security) र न्यूनतम जीवनस्तर सुनिश्चित हुने पारिश्रमिकको व्यवस्था गर्नुपर्छ ।

ख. सरुवा, पदस्थापन र बढुवामा हुने राजनीतिक हस्तक्षेप रोक्नको लागि प्रहरीलाई थप स्वायत्त र व्यवसायिक बनाउने ऐन नै निर्माण गर्नुपर्छ ।

ग. पटक-पटक नियमावली संशोधन गर्ने प्रवृत्तिलाई रोकेर एउटा स्थायी र बलियो कानुन ल्याउनुपर्छ ।

घ. बढुवा प्रक्रियामा लोकसेवा आयोगलाई अनिवार्य रूपमा संलग्न गराउनुपर्छ ।

ङ. अपराध अनुसन्धान, साइबर क्राइम, अन्तर्राष्ट्रिय अपराध, दंगा नियन्त्रण, सामुदायिक प्रहरी जस्ता क्षेत्रमा विशिष्टिकृत जनशक्ति विकास गर्नुपर्छ ।

च. सेवा विशिष्टीकरणको विद्यमान व्यवस्थालाई तोड्न निश्चित तहसम्म (जस्तैः निरीक्षक) प्राविधिक तथा विशिष्टिकृत भूमिकामा दक्षता विकास गरिनुपर्छ। त्यसपछि प्रहरी उपरीक्षक तहदेखि माथिका पदहरूमा जानुअघि व्यवस्थापकीय, नेतृत्व र समग्र सुरक्षा व्यवस्थापनसँग सम्बन्धित सीप तथा ज्ञान अनिवार्य रूपमा विकास गराउने व्यवस्था गर्नुपर्छ । यसले विशेषज्ञता र नेतृत्वबीच सन्तुलन कायम गर्दै सङ्गठनको दीर्घकालीन प्रभावकारिता बढाउनेछ ।

छ. जहाँ कामको मात्रात्मक मापन सम्भव छैन, त्यहाँ मूल्याङ्कनलाई यथासम्भव वस्तुनिष्ठ बनाउन 'Proxy Indicator' जस्तैः कार्यालयमा उपस्थिति, कार्यप्रति समर्पण, सार्वजनिक प्रशंसा, उजुरीको अवस्था विकास गर्नु आवश्यक छ ।

ज. पदको जिम्मेवारी अनुसार 'Key Performance Indicator (KPI)' र 'Key Result Area (KRA)' तोकेर डिजिटल प्रणालीमा आबद्ध गर्नुपर्छ । यसले पारदर्शिता ल्याउँछ र पूर्वाग्रह कम गर्छ ।

झ. हाल कार्यसम्पादन मूल्याङ्कन वस्तुनिष्ठ नभएको अवस्थामा, बढुवा समितिले दिने अङ्कले हुने गरेको हेरफेर रोक्नको लागि समितिमा लोकसेवा आयोगको प्रतिनिधित्व हुनुपर्छ ।

ञ. कर्मचारीहरूलाई आफ्नो सीमित आयको सही व्यवस्थापन, बचत, लगानी र सम्पत्ति निर्माणका बारेमा सचेत गराउन बैंक तथा वित्तीय संस्थाहरूसँगको सहकार्यमा तालिम सञ्चालन गर्नुपर्छ ।

ट. प्रहरीले गरेका राम्रा काम, बलिदान र सकारात्मक पक्षहरूलाई सामाजिक सञ्जाल र मिडियामार्फत व्यापक प्रचार गर्नुपर्छ ।

ठ. 'कोड अफ साइलेन्स' को सट्टा रचनात्मक अभिव्यक्तिलाई प्रोत्साहन गर्नुपर्छ ।

ड. दुर्गम र जोखिमपूर्ण क्षेत्रमा काम गर्ने प्रहरीलाई पर्याप्त जोखिम भत्ता दिनुपर्छ ।

ढ. सम्पूर्ण कार्यकालमा कम्तीमा केही वर्ष परिवारसँग बिताउने वातावरण (जस्तैः घर पायक पदस्थापन) मिलाउनुपर्छ ।

### २.६.३. सत्र निष्कर्ष

नेपाल प्रहरी सुदृढ र व्यवसायिक बन्न सङ्ख्यात्मक वृद्धि मात्र नभई गुणस्तरीय, दक्ष र मानसिक रूपमा सबल जनशक्तिको विकास अपरिहार्य छ । सरुवा, पदस्थापन र बढुवालाई पूर्वानुमानयोग्य (प्रेडिक्टेबल), पारदर्शी र निष्पक्ष बनाउन सकेमा मात्र कर्मचारीको मनोबल उच्च हुन्छ । सबैभन्दा ठूलो चुनौती संस्थागत सुधारको नाममा व्यवसायिकता र स्वायत्ततालाई कमजोर बनाउने राजनीतिक हस्तक्षेप हो, जसलाई कानुनी र संस्थागत रूपमै रोक्नुपर्छ । प्रहरी सङ्गठनको दीर्घकालीन रणनीति सैद्धान्तिक मात्र नभई नेपाली सन्दर्भ र व्यावहारिक आवश्यकतामा आधारित हुनुपर्छ । विदेशी अभ्यासलाई 'जस्ताको तस्तै' प्रतिलिपि गर्नुभन्दा आफ्नो परिवेश अनुकूल बनाएर लागू गर्नुपर्छ ।

## २.७. नेपाल प्रहरीमा सूचना प्रविधि, सञ्चार र कृत्रिम बुद्धिमत्ता: सेवा प्रवाह, आन्तरिक व्यवस्थापन, सुरक्षा व्यवस्थापन र अपराध अनुसन्धानमा सम्भावना र चुनौतीहरू

### २.७.१. पहिचान गरिएका समस्याहरू

**क. तथ्याङ्क डिजिटाइजेसन र गुणस्तरीय तथ्याङ्क अभाव**

आधुनिक प्रहरी प्रणालीका नवीनतम् अवधारणा (Data-Driven, Evidence-based and Intelligence-led Policing) कार्यान्वयनका लागि आवश्यक भरपर्दो, व्यवस्थित र एकीकृत सूचना प्रणालीको न्यूनता रहेको।

**ख. तथ्याङ्क विश्लेषण क्षमता र कम्प्युटिङ पूर्वाधार कमजोर**

प्रहरी कार्यलाई पूर्वानुमानमा आधारित बनाउन आवश्यक पर्ने उच्च क्षमताका कम्प्युटिङ उपकरण र उन्नत अल्गोरिदमको (Advanced Algorithm) न्यूनताले गर्दा तथ्याङ्क-एनालिटिक्स (Data-Intelligence) र प्रिडिक्टिभ पुलिसिङको (Predictive Policing) संस्थागत विकासमा चुनौती थपिएको देखिन्छ।

**ग. सोसल मिडिया तथ्याङ्क पहुँचमा कानुनी तथा कूटनीतिक अवरोध**

सामाजिक सञ्जाल प्रदायकहरूसँगको समन्वयमा कमी र पारस्परिक कानुनी सहायता सन्धि Mutual Legal Assistance Treaty (MLAT) को अभावका कारण विद्युतीय अपराधको अनुसन्धान र डिजिटल प्रमाण सङ्कलनमा अवरोध पुगेको देखिन्छ।

**घ. डिजिटल अपराधको तीव्र विस्तार र सीमाहीनता**

साइबर अपराध र सूचनाको दुरुपयोग तीव्र रूपमा बढ्दै गएको छ, जहाँ यस्ता अपराधहरू भौतिक सीमामा सीमित नहुने भएकाले अनुसन्धान थप जटिल बनेको छ। डिजिटल माध्यमबाट हुने अपराधमा अपराधी, सर्भर, पीडित र प्रमाण फरक–फरक देशमा हुन सक्ने हुँदा प्राविधिक ट्र्याकिङ कठिन हुनुका साथै कानुनी क्षेत्राधिकार (Jurisdiction) निर्धारणमा समस्या उत्पन्न भएको छ। यस कारण प्रमाण सङ्कलन, अभियोजन र अन्तर्राष्ट्रिय समन्वय प्रभावकारी रूपमा अघि बढाउन चुनौती देखिएको छ।

**ङ. मानव स्रोतको गम्भीर अभाव**

सूचना प्रविधि (IT) क्षेत्रमा दक्ष प्राविधिक जनशक्तिको कमी र साइबर अनुसन्धानमा न्यून अधिकृतहरूको उपलब्धताका कारण तीव्र गतिमा विस्तार भइरहेको डिजिटल जनसङ्ख्याको सुरक्षा व्यवस्थापन र अनुसन्धान कार्य चुनौतीपूर्ण बन्दै गएको छ।

**च. डिजिटल सेवाको असमान पहुँच**

प्रहरीका डिजिटल सेवाहरू मुख्यतया शहरी क्षेत्रमा मात्र केन्द्रित रहेकाले ग्रामीण भेगका बासिन्दा र ज्येष्ठ नागरिकहरूका लागि प्रविधिमा आधारित सेवाहरूको पहुँच र उपयोगमा गम्भीर चुनौती देखिएको छ।

**छ. प्रणालीहरूबीच अन्तरसञ्चालन (Interoperability) को कमी**

राष्ट्रिय परिचयपत्र, राहदानी (पासपोर्ट), अध्यागमन, अदालत, र श्रम स्वीकृति जस्ता प्रमुख सरकारी निकायहरूसँग वास्तविक समयमा (Real-time) तथ्याङ्क आदानप्रदान गर्ने एकीकृत प्रणालीको अभावका कारण अपराध अनुसन्धान र सूचना व्यवस्थापनमा ढिलाइ र जटिलता उत्पन्न भएको छ।

**ज. केन्द्रीय API वा डिजिटल इकोसिस्टम अभाव**

प्रहरीका विभिन्न सफ्टवेयर प्रणालीहरू एकीकृत नभई छुट्टाछुट्टै सञ्चालन हुनु र एउटा केन्द्रीय तथ्याङ्क सर्भर वा साझा प्लेटफर्मको अभाव हुनाले सूचना व्यवस्थापनमा 'तथ्याङ्क डुप्लिकेसन' (Data Duplication) र प्राविधिक अवरोध सिर्जना गरेको छ।

**झ. तथ्याङ्क गोपनीयता र प्राइभेसी नीति अस्पष्ट**

"तथ्याङ्क प्राइभेसी (Data Privacy) सम्बन्धी स्पष्ट कानुन र प्रभावकारी कार्यान्वयन संयन्त्रको अभावमा AI, फेस रिकग्निसन (Face Recognition) र CCTV जस्ता आधुनिक प्रविधिहरूको प्रयोगमा गम्भीर नैतिक प्रश्न र कानुनी चुनौतीहरू उत्पन्न भएका छन्।

**ञ. दीगो कार्यान्वयन (Sustainability) को चुनौती**

विभिन्न प्रविधिजन्य परियोजनाहरू सुरु गरिएको भएतापनि तिनको दिगोपनका लागि दीर्घकालीन योजना, समर्पित प्राविधिक टोली (Dedicated Technical Team), र २४ सै घण्टा सुरक्षा अनुगमन (24/7 Security Monitoring) एवं मर्मतसम्भार गर्ने संस्थागत संरचनाको अभाव देखिएको छ।

**२.७.२. छलफलका सुझावहरू तथा सिकाई**

क. आर्टिफिसियल इन्टेलिजेन्स (Artifical Intelligence) को प्रयोगलाई मर्यादित र सुरक्षित बनाउन 'UN Guidelines for AI' र तथ्याङ्क सुरक्षाका लागि 'General Data Protection Regulation Act (GDPR Act)' का विश्वव्यापी मापदण्डहरूलाई आधार मानी राष्ट्रिय कानुन तथा कार्यविधि तर्जुमा गरी अवलम्बन गरिनु पर्दछ।

ख. साइबर अपराधको बढ्दो दर र स्वरूपलाई दृष्टिगत गर्दै हालको विद्युतीय कारोबार ऐन, २०६३ को सीमित घेराभन्दा बाहिर निस्केर एक छुट्टै र सुदृढ साइबर सुरक्षा ऐन तथा आर्टिफिसियल इन्टेलिजेन्स (AI) सम्बन्धी कानुन तर्जुमा गर्नु अपरिहार्य देखिएको छ।

ग. नेपालको सन्दर्भमा तथ्याङ्क सुरक्षा र गोपनीयतालाई सुनिश्चित गर्न GDPR (General Data Protection Regulation) का आधारभूत सिद्धान्त र प्रयोगात्मक अभ्यासहरूलाई मार्गदर्शनको रूपमा अवलम्बन गरिएको खण्डमा डिजिटल प्रणालीको विश्वसनीयता बढाउनुका साथै अन्तर्राष्ट्रिय स्तरको तथ्याङ्क सुरक्षा मापदण्ड कायम गर्न सहयोग पुऱ्याउँछ।

घ. प्रहरी सेवाको आधुनिकीकरणलाई एक्लो प्रयास (Isolated Effort) को रूपमा मात्र नहेरी, नेपाल प्रहरी लगायत अन्य सम्पूर्ण सरकारी निकायहरूलाई एकै सूत्रमा आबद्ध गर्ने गरी एक एकीकृत डिजिटल इकोसिस्टम (Integrated Digital Ecosystem) को निर्माण गरिनुपर्दछ। यसले अन्तर-निकाय सूचना साझेदारीलाई सहज बनाउँदै समग्र सार्वजनिक सेवा प्रवाह र सुरक्षा व्यवस्थापनलाई थप सुदृढ तुल्याउँछ।

ङ. नेपाल प्रहरीको प्राविधिक क्षमतालाई सुदृढ तुल्याउन र नवीन प्रविधिको उच्चतम उपयोगका लागि देशभरका एआई (AI) विज्ञहरू सम्मिलित एक 'ट्यालेन्ट पुल' (Talent Pool) निर्माण गरी रणनीतिक रूपमा परिचालन गरिनु पर्दछ।

च. अपराध पहिचान तथा रोकथामका साथै सवारी साधन र व्यक्तिको प्रभावकारी खोजतलासका लागि भिडियो एनालिटिक्स (Video Analytics), बिहेभियर एनालिसिस (Behavior Analysis), फेसियल रिकग्निसन (Facial Recognition) र अटोमेटेड नम्बर प्लेट रिकग्निसन (Automated Number Plate Recognition ANPR) जस्ता आर्टिफिसियल इन्टेलिजेन्स (Artificial Intelligence) युक्त विशेषताहरू सहितको उन्नत CCTV प्रणाली स्थापना गरिनु पर्दछ।

छ. प्रहरी कर्मचारीहरूको कार्य जिम्मेवारीलाई निश्चित विधा वा कार्यक्षेत्रमा केन्द्रित (Job Specialization) गरी उनीहरूको दक्षता, विशिष्टीकरण र कार्य क्षमता अभिवृद्धि गर्ने नीति अवलम्बन

गरिनु पर्दछ । यसले गर्दा सम्बन्धित क्षेत्रमा लामो अनुभव प्राप्त हुनुका साथै जटिल अनुसन्धान र शान्ति सुरक्षा व्यवस्थापनमा विशेषज्ञता हासिल हुने देखिन्छ ।

ज. सूचना प्रविधि र साइबर अपराध अनुसन्धानको बढ्दो चुनौतीलाई सम्बोधन गर्न वर्तमान जनशक्ति पर्याप्त नभएकाले, यस क्षेत्रमा दक्ष प्राविधिक जनशक्ति सुनिश्चित गर्न नयाँ र विशिष्टिकृत दरबन्दी सिर्जना (Organization and Management Survey - O&M) गरिनु पर्दछ ।

झ. आधुनिक पुलिसिङमा आर्टिफिसियल इन्टेलिजेन्स (AI) को उच्चतम उपयोगका लागि एआई मोडेल प्रशिक्षण (AI Model Training) र प्रोम्प्ट इन्जिनियरिङ (Prompt Engineering) को विशेषज्ञता हासिल गर्नु अत्यन्त महत्त्वपूर्ण देखिएकाले यस क्षेत्रमा केन्द्रित विशिष्टिकृत तालिम र सीप विकासलाई प्राथमिकता दिनु पर्दछ ।

ञ. नेपाल प्रहरीमा तथ्याङ्क-ड्रिभन पुलिसिङ (Data Driven Policing), आर्टिफिसियल इन्टेलिजेन्स (AI) र डिजिटल अनुसन्धानको प्रभावकारिता सुनिश्चित गर्न तथ्याङ्क इन्टिग्रिटी (Data Integrity), तथ्याङ्क सुरक्षा (Data Security) र साइबर सुरक्षा (Cybersecurity) लाई छुट्टाछुट्टै कार्य विशिष्टीकरण (Job Specialization) को रूपमा विकास गरी सोही बमोजिमको दक्ष जनशक्ति परिचालन गर्नु अपरिहार्य देखिएको छ ।

ट. विद्युतिय शासन (E-governance) को प्रभावकारी कार्यान्वयन, आर्टिफिसियल इन्टेलिजेन्स (AI) को सफल प्रयोग र सुदृढ अन्तर-निकाय समन्वयका लागि विभिन्न सरकारी निकायहरूबीच 'तथ्याङ्क स्ट्यान्डर्डाइजेसन' (Data Standardization) हुनु अपरिहार्य देखिन्छ । यसले गर्दा विभिन्न निकायका सूचना प्रणालीहरूबीच प्राविधिक स्थिरता कायम भई तथ्याङ्क आदानप्रदान प्रक्रिया सहज र विश्वसनीय हुनेछ।

ठ. प्रहरी सेवालाई प्रविधिमैत्री र समयसापेक्ष बनाउन सकल दर्जाका प्रहरी कर्मचारीहरूका लागि डिजिटल पोलिसिङ (Digital Policing), आर्टिफिसियल इन्टेलिजेन्स (AI), तथ्याङ्क व्यवस्थापन (Data Management) र साइबर सुरक्षा (Cyber Security) का विषयमा नियमित रूपमा क्षमता अभिवृद्धि कार्यक्रमहरू सञ्चालन गरिनु पर्दछ ।

### २.७.३. सत्र निष्कर्ष

क. नेपालमा Cyber Crime र Data Security सम्बन्धी कानुनी व्यवस्था अझै विकासोन्मुख अवस्थामा रहेको Modern Policing मा यो विषय प्राथमिकतामा राखिनु पर्ने निष्कर्ष निकालियो ।

ख. सरकारी निकाय, निजी क्षेत्र, शैक्षिक संस्था र प्राविधिक समुदायबीच साइबर खतरा, प्रविधि, अनुभव, अनुसन्धान र उत्तम अभ्यास (Best practices) साझा गर्नका लागि संरचित डिजिटल/ संस्थागत प्लेटफर्मको विकास गर्नुपर्ने आवश्यकता रहेको ।

ग. BAFIA (Bank and Financial Institutions Act) र Law Enforcement (नेपाल प्रहरी) बीचको सहकार्य वित्तीय अपराध, साइबर अपराध, Money Laundering र ठगी नियन्त्रणका लागि अत्यावश्यक रहेको देखियो ।

घ. विभिन्न सरकारी निकायमा प्रयोग हुने प्रणालीहरूमा Data Integration र Data Security लागू गरिनु पर्ने महसुस गरियो ।

## २.८. विपद् व्यवस्थापनमा प्रथम उद्धारकका रूपमा नेपाल प्रहरी: क्षमता अभिवृद्धि, समन्वय, समुदाय सहकार्य र भावी आवश्यकताहरू

### २.८.१. पहिचान गरिएका समस्याहरू

**क. पूर्व सूचना प्रणाली कमजोर**

Early Warning System पर्याप्त विकसित नभएको र End-to-End Solution नभएको ।

**ख. Reactive Mode मा केन्द्रित विपद् व्यवस्थापन**

पूर्व तयारी (Proactive) मा रूपान्तरण आवश्यक।

**ग. संघ, प्रदेश र स्थानीय तहबीच भूमिका अस्पष्ट**

जिम्मेवारी, अधिकार र समन्वयमा दोहोरोपन र जटिलता।

**घ. स्वयंसेवक प्रणाली असंगठित**

दर्ता, तालिम, प्रमाणीकरण र दीर्घकालीन परिचालनमा स्पष्ट संरचना अभाव।

**ङ. विशिष्टिकृत जनशक्ति र उपकरण अभाव**

Search & Rescue, Medical Response, डिजिटल प्रविधि, GIS, ड्रोन, र स्याटेलाइट प्रयोग पर्याप्त छैन।

**च. समुदाय र स्थानीय सन्दर्भमा सूचना प्रवाह कमजोर**

Risk सूचना स्थानीय भाषामा/अनुकूल रूपमा पुग्दैन।

**छ. Cross-border Disaster र Displacement सम्बन्धी कानुनी अस्पष्टता**

स्पष्ट प्रावधान र नियमित संयन्त्र नहुँदा जटिलता।

**ज. Infrastructure र Development-induced Risks**

अव्यवस्थित सडक, High-rise भवन, असुरक्षित संरचना आदि जोखिम बढाउने।

**झ. Law & Order र Life Saving बीच सन्तुलन अभाव**

विपद् आवरणमा आपराधिक गतिविधि नियन्त्रण, सुरक्षा र उद्धारको समन्वय चुनौतीपूर्ण।

**ञ. Climate Change सम्बन्धी Preparedness कम**

Frequency, intensity र scale बढ्दै गए पनि रणनीति, तालिम र प्रविधि सुदृढ छैन।

### २.८.२. छलफलका सुझावहरू तथा सिकाई

क. अर्ली वार्निङको आधारमा अर्ली एक्सन कार्यान्वयनका लागि स्पष्ट कानुनी मार्गनिर्देशन तथा प्रस्ट प्रावधान विकास गर्नुपर्ने। पूर्व सूचना उत्पादन, प्रमाणीकरण र प्रवाह गर्ने नेतृत्व तथा जिम्मेवारी स्पष्ट निर्धारण गर्नुपर्ने।

ख. संघ, प्रदेश र स्थानीय तहबीच भूमिका, अधिकार र जिम्मेवारी स्पष्ट गरी दोहोरोपन हटाउनुपर्ने।

ग. घटना प्रमाणीकरण (नेपाल प्रहरी) र प्रभावित सिफारिस (स्थानीय तह) बीच कानुनी समन्वय स्पष्ट गर्नुपर्ने।

घ. Cross-border disaster तथा displacement सम्बन्धी स्पष्ट कानुनी प्रावधान र नियमित संयन्त्र विकास गर्नुपर्ने।

ङ. विपद् व्यवस्थापनमा खर्च वृद्धि गरी यसलाई Investment का रूपमा लिनुपर्ने।

च. DRR का लागि छुट्टै बजेट कोड व्यवस्था गर्नुपर्ने।

छ. जोखिम युक्त संरचना हटाउने प्रावधान कार्यान्वयनमा स्पष्ट प्रक्रिया र प्रमाणीकरण संयन्त्र विकास गर्नुपर्ने।

ज. ठूला संरचना र नयाँ प्रविधिको मूल्याङ्कनका लागि संस्थागत तथा कानुनी व्यवस्था आवश्यक।

झ. स्वयंसेवक छनोट, दर्ता, प्रमाणीकरण र दीर्घकालीन परिचालनका लागि स्पष्ट Criteria र नीतिगत ढाँचा विकास गर्नुपर्ने।

ञ. प्राकृतिक विपद् र मानव सिर्जित विपद् बीच स्पष्ट फरक छुट्याई आपराधिक दायित्व निर्धारण गर्ने नीति विकास गर्नुपर्ने।

ट. कमिटी-आधारित प्रणालीबाट क्रमशः Institution-based mechanism तर्फ रूपान्तरण गर्नुपर्ने।

ठ. Reactive Mode बाट Proactive/Pre-disaster Focus तर्फ स्पष्ट रूपान्तरण गर्नुपर्ने।

ड. Early Warning System लाई End-to-End Solution का रूपमा विकास गर्नुपर्ने।

ढ. Risk Assessment, Database System र Evidence-based decision making सुदृढ गर्नुपर्ने ।
ण. Digital Intelligence, Drone, Satellite Image, GIS, Remote Sensing जस्ता प्रविधिको एकीकरण गरी Smart Policing अवधारणा लागू गर्नुपर्ने ।
त. NEOC तथा प्रदेश/स्थानीय EOC सँग सूचना प्रणालीको प्रभावकारी एकीकरण आवश्यक ।
थ. System-based coordination विकास गरी व्यक्ति-आधारित समन्वय हटाउनुपर्ने ।
द. Climate Change लाई विपद् व्यवस्थापनसँग एकीकृत गरी frequency, intensity र scale को जोखिमलाई रणनीतिमा समेट्नुपर्ने ।
ध. Integrated Approach मार्फत Police, Local Government र National Government बीच Collaboration सुदृढ गर्नुपर्ने ।
न. Regional Approach मार्फत उन्नत फायर तथा उद्दार प्रणाली संयुक्त रूपमा सञ्चालन गर्नुपर्ने ।
ऩ. Volunteer Management System लाई Standardize गरी National Disaster Risk Reduction & Management Authority सँग समन्वय र Certification व्यवस्था विकास गर्नुपर्ने ।
प. Risk Mapping र Resource Mapping मा नेपाल प्रहरीको सक्रिय भूमिका बढाउनुपर्ने ।
फ. Law and Order र Life Saving बीच सन्तुलन कायम गर्ने रणनीति विकास गर्नुपर्ने ।
ब. चौकी स्तरसम्म विशेष Search and Rescue तालिम तथा न्यूनतम उद्धार सामग्री उपलब्ध गराउनुपर्ने।
भ. Pre-Positioning, Logistic gear वृद्धि तथा उपकरण आधुनिकीकरण गर्नुपर्ने ।
म. Joint Training, Mock Drill र Simulation Exercise नियमित सञ्चालन गर्नुपर्ने ।
य. One Incident, One Command प्रणाली प्रभावकारी कार्यान्वयन गर्नुपर्ने । कमन रेडियो कम्युनिकेशन प्रणाली विकास गर्नुपर्ने ।
र. सहरी क्षेत्रमा उद्दार प्रयोजनका लागि Green Corridor व्यवस्था गर्नुपर्ने ।
ऱ. Risk Mapping र Data Collection प्रणाली सुदृढ गरी Evidence-based Decision Making लागू गर्नुपर्ने ।
ल. Incident Registration, Validation र Real-time सूचना प्रणाली सुदृढ गर्नुपर्ने ।
ळ. स्वयंसेवकको Roster तयार गरी नियमित पुनः सक्रियता र परीक्षण (मनसुन अघि) गर्नुपर्ने ।
ऴ. Disaster Fund को Operational Modality स्पष्ट गरी चारै चरणमा लचिलो रूपमा खर्च सुनिश्चित गर्नुपर्ने ।
व. Fire Brigade र Rescue उपकरण खरिदमा मानकीकृत Specification तथा Checklist तयार गर्नुपर्ने । Post-Disaster Forensic Investigation र अनुसन्धान प्रणाली सुदृढ गर्नुपर्ने ।
श. Mental Health Counseling तथा Stress Management कार्यक्रम प्रहरी सङ्गठनभित्र सञ्चालन गर्नुपर्ने ।
ष. हाईराइज भवनका लागि उपयुक्त फायर सेफ्टी व्यवस्था, एरियल ल्याडर र पहुँच सुनिश्चित गर्नुपर्ने ।
स. ट्राफिक व्यवस्थापन सुधार गरी आपतकालीन सवारी साधनको शीघ्र पहुँच सुनिश्चित गर्नुपर्ने ।

### २.८.३. सत्र निष्कर्ष

क. विपद् व्यवस्थापनमा प्रथम उद्धारकका रूपमा नेपाल प्रहरीको भूमिका, क्षमता अभिवृद्धि, समन्वय, समुदाय सहकार्य र भावी आवश्यकतासम्बन्धी यस सत्रमा विस्तृत, तथ्य परक तथा अनुभवमा आधारित छलफल सम्पन्न भयो।

ख. छलफलबाट नेपालको भौगोलिक विविधता, जलवायु परिवर्तनका प्रभाव, बढ्दो शहरीकरण तथा संरचनागत जटिलताका कारण विपद् जोखिम बहुआयामिक र जटिल बन्दै गएको निष्कर्ष निकालियो।

ग. नेपाल Seismic Zone ११ मा पर्ने र Climate Vulnerability को दृष्टिले उच्च जोखिमयुक्त देश भएकाले बाढी, पहिरो, डुबान, हिमताल विस्फोट, आगलागी, महामारी, वन डढेलो, सुख्खा लगायतका विपद्हरूको आवृत्ति र तीव्रता बढ्दै गएको तथ्य औंल्याइयो। यस सन्दर्भमा पूर्व सूचना प्रणाली (Early Warning System) लाई प्रभावकारी, एकीकृत तथा "End-to-End" प्रणालीका रूपमा विकास गरी अर्ली वार्निङबाट अर्ली एक्सनमा रूपान्तरण सुनिश्चित गर्नुपर्ने आवश्यकता सर्वसम्मत रूपमा व्यक्त गरियो।

घ. छलफलबाट नेपालको विपद् व्यवस्थापन अभ्यास अझै पनि आंशिक रूपमा प्रतिक्रियामुखी (Reactive) रहेको र यसलाई पूर्व तयारी केन्द्रित (Proactive/Pre-disaster Focus) मोडेलतर्फ रूपान्तरण गर्नुपर्ने स्पष्ट भयो। विपद् व्यवस्थापनलाई विकल्प वा विलासीता नभई दीर्घकालीन लगानी (Investment) का रूपमा ग्रहण गर्नुपर्ने धारणा जोडदार रूपमा प्रस्तुत भयो।

ङ. नीतिगत तथा कानुनी रूपमा संविधान, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, रणनीतिक योजना तथा कार्ययोजनाहरू विद्यमान भए पनि पूर्व सूचना उत्पादन, प्रमाणीकरण र प्रवाह गर्ने नेतृत्व तथा जिम्मेवारीमा अस्पष्टता, संघ-प्रदेश-स्थानीय तहबीच भूमिका दोहोरोपन, घटना प्रमाणीकरण र प्रभावित सिफारिसबीच समन्वय जटिलता तथा अर्ली एक्सनका लागि स्पष्ट कानुनी मार्गदर्शनको अभाव प्रमुख चुनौतीका रूपमा पहिचान गरियो।

च. संस्थागत दृष्टिले नेपाल प्रहरी देशव्यापी करिब २५ सय इकाइमार्फत सबैभन्दा बलियो संरचनागत उपस्थिति भएको संयन्त्रका रूपमा स्थापित रहेको निष्कर्ष निकालियो।

छ. विपद् व्यवस्थापनका सबै चरण: जोखिम न्यूनीकरण, तयारी, प्रतिकार्य र पुनर्लाभमा प्रहरीको सक्रिय भूमिका रहेको र विपद्को समयमा खोज तथा उद्धार, भीड नियन्त्रण, राहत सहयोग, घटना विवरण सङ्कलन, सामाजिक सद्भाव तथा शान्ति-सुरक्षा कायम गर्ने कार्यमा केन्द्रीय भूमिका निर्वाह गर्दै आएको तथ्यबाट नेपाल प्रहरीको प्राथमिक जिम्मेवारी रहने विषयमा छलफल केन्द्रित भयो।

ज. २०७२ सालको भूकम्प लगायतका ठूला विपदमा सीमित स्रोत-साधनका बाबजुद नेपाली सुरक्षा निकायले प्रभावकारी कार्यसम्पादन गरेको अनुभव सकारात्मक अभ्यासका रूपमा स्वीकार गरियो। तथापि, विशिष्टिकृत खोज तथा उद्धार जनशक्ति, आधुनिक उपकरण, प्रविधि, तथ्याङ्कमा आधारित प्रणाली, डिजिटल इन्टेलिजेन्स तथा GIS, ड्रोन, स्याटेलाइट जस्ता प्रविधिको एकीकरणमा थप सुदृढीकरण आवश्यक रहेको निष्कर्ष निकालियो।

झ. समुदाय तथा स्वयंसेवक प्रणाली विपद् व्यवस्थापनको प्रभावकारी आधार स्तम्भ भएको उल्लेख गर्दै स्वयंसेवकको पहिचान, दर्ता, तालिम, प्रमाणिकरण र दीर्घकालीन परिचालनका लागि संस्थागत संरचना विकास अपरिहार्य रहेको धारणा व्यक्त गरियो। व्यक्ति आधारित समन्वयभन्दा प्रणाली आधारित (System-based) समन्वय विकास गर्नुपर्ने आवश्यकता औंल्याइयो।

ञ. विपद्को समयमा Life Saving कार्यसँगै Law and Order तथा सामाजिक सद्भाव कायम राख्ने सन्तुलित क्षमता विकास गर्नुपर्ने र विपद्को आवरणमा हुने आपराधिक गतिविधि नियन्त्रणका लागि अनुसन्धान तथा फरेन्सिक प्रणाली सुदृढ गर्नुपर्ने आवश्यकता समेत औंल्याइयो।

ट. जलवायु परिवर्तनलाई विपद् व्यवस्थापनबाट पृथक रूपमा नभई एकीकृत रूपमा हेरी नीति, रणनीति र कार्यगत तयारीमा समावेश गर्नुपर्ने तथा Cross-border Disaster र Displacement जस्ता सम्भावित जोखिमलाई समेत भावी रणनीतिमा समेट्नुपर्ने निष्कर्ष निकालियो।

ठ. समग्रमा, विपद् व्यवस्थापनमा नेपाल प्रहरीलाई Reactive भूमिकाबाट Proactive, प्रविधिमैत्री, प्रमाणमा आधारित (Evidence-based), समन्वयात्मक र समुदाय केन्द्रित "स्मार्ट पुलिस" अवधारणाअनुसार रूपान्तरण गर्दै लैजानुपर्ने आवश्यकता यस सत्रको केन्द्रीय निष्कर्षका रूपमा स्थापित भयो।

ड. यस सत्रमा नीतिगत स्पष्टता, रणनीतिक रूपान्तरण, प्रविधि एकीकरण, संस्थागत सक्षमता अभिवृद्धि, स्वयंसेवक व्यवस्थापन प्रणाली विकास तथा समन्वय सुदृढीकरणमार्फत विपद् व्यवस्थापन प्रणालीलाई अझ प्रभावकारी, उत्तरदायी र दिगो बनाउन दिशानिर्देश प्रदान गरेको निष्कर्ष निकालियो।

## २.९. सडक सुरक्षा प्रवर्द्धनमा प्रहरी भूमिका सचेतना, प्रवर्तन र क्षति न्यूनिकरणको योजना

### २.९.१. पहिचान गरिएका समस्याहरू

**क. संस्थागत स्पष्टताको अभाव**

सडक सुरक्षा र ट्राफिक व्यवस्थापनको कार्यहरू कुन निकायले के गर्ने भन्ने स्पष्ट जिम्मेवारी, उत्तरदायित्व र समन्वयको कमी रहेको हुँदा यसको स्पष्टता आवश्यक रहेको छ।

**ख. पुराना र अपूर्ण कानुनी व्यवस्था**

यातायात व्यवस्था ऐन, प्रहरी ऐन लगायतका कानुनहरू पुराना, संघीय संरचनासँग नमिल्ने र वर्तमान सडक सुरक्षा आवश्यकतालाई सम्बोधन गर्न अपर्याप्त रहेको कारण समयानुकूल बनाउनु पर्दछ।

**ग. सडक विस्तारमा सुरक्षाको न्यून प्राथमिकता**

सडक निर्माण तथा विस्तार गर्दा सुरक्षालाई डिजाइन चरणमै समावेश नगर्नु, जसले दुर्घटनाको जोखिम बढाएको छ।

**घ. ड्राइभिङ स्कूल र लाइसेन्स प्रणाली कमजोर**

ड्राइभिङ तालिम प्रणाली गुणस्तरीय नरहेको, परीक्षण प्रणाली कमजोर र असक्षम चालक उत्पादन जस्ता कमजोरी रहेका छन्।

**ङ. तथ्याङ्क व्यवस्थापन र विश्लेषण प्रणाली कमजोर**

दुर्घटना तथ्याङ्क (जस्तै RAIMS-Road Accident Information Management System) विस्तृत र स्थान विशेष विश्लेषणका लागि अपर्याप्त हुनु, ब्ल्याक स्पट पहिचानमा कठिनाइ रहेको छ।

**च. प्रविधिको अपर्याप्त प्रयोग र स्रोत अभाव**

स्पिड क्यामेरा, सिसिटिभी, ड्रग टेस्ट उपकरण, डिजिटल अनुगमन जस्ता प्रविधिको सीमित उपलब्धता र सञ्चालन बजेटको अभाव छ।

**छ. मिश्रित ट्राफिक अवस्था**

एउटै सडकमा विभिन्न क्षमताका सवारी साधन (ह्वीलचेयरदेखि उच्च सीसी मोटरसाइकलसम्म) चल्दा सडक दुर्घटनाको जोखिम बढ्दो रहेको छ।

**ज. अव्यवस्थित सहरी विकास र विस्तार**

सडक किनारामा अनियन्त्रित बस्ती विकास, सार्वजनिक स्थानको अभाव र सडक नै सामाजिक अन्तरक्रियाको स्थल भइरहेको छ।

**झ. प्रभावकारी बहु–निकाय सहकार्यको कमी**

सडक विभाग, यातायात व्यवस्था विभाग, स्थानीय तह, स्वास्थ्य संस्था, र प्रहरीबीच समन्वयको अवस्था कमजोर रहेको छ।

**ञ. क्षमता अभिवृद्धि र अन्तर्राष्ट्रिय अनुभवको कमी**

ट्राफिक प्रहरीका लागि विशेष तालिम, अनुसन्धान क्षमता, अन्तर्राष्ट्रिय अनुभव आदिको अभावमा कार्यदक्षता, क्षमता तथा उत्तरदायित्व वहनमा कमी रहेको छ।

### २.९.२. छलफलका सुझावहरू तथा सिकाई

क. सडक यातायात र सुरक्षा सम्बन्धी विद्यमान पुराना ऐन र नियमहरूलाई बदलिँदो प्रविधि र सवारी साधनको बढ्दो चाप अनुसार परिमार्जन गर्नु पर्दछ।

ख. सडक सुरक्षाका लागि प्रभावकारी दीर्घकालीन राष्ट्रिय रणनीतिको निर्माण गर्ने र भएका नीतिहरूको कडाइका साथ कार्यान्वयन आवश्यक छ।

ग. सडक सुरक्षा प्रवर्द्धनका लागि आवश्यक पर्ने आधुनिक प्रविधिहरूको जस्तै CCTV क्यामेरा, राडार गन आदिको समुचित व्यवस्था र प्रयोग बढाउनु पर्दछ।

घ. ट्राफिक नियम उल्लङ्घन गर्नेहरूलाई गरिने जरिबाना र कानुनी कारबाहीको व्यवस्थालाई अझ बढि प्रभावकारी, स्पष्ट र निरुत्साहित गर्ने खालको बनाउनु पर्दछ।

ङ. सवारी तथा यातायात व्यवस्था ऐनलाई प्रविधिमैत्री बनाउन र बदलिदो सडक चाप अनुसार तत्काल संशोधन वा परिमार्जन गर्नुपर्छ।

च. ट्राफिक नियम उल्ङ्घनकर्ताका लागि जरिवानाको दर वृद्धि गर्ने र डिमेरिट पोइन्ट ( नियम मिच्दा अङ्क काटिने) प्रणाली लागु गरी चालक अनुमतिपत्र खारेजीसम्मको व्यवस्था हुनुपर्छ।

छ. एकीकृत सडक सुरक्षा नीति: सडक सुरक्षाका लागी प्रभावकारी र दीर्घकालीन राष्ट्रिय रणनीति कार्यान्वयनमा ल्याई सबै निकायहरूबीच कानुनी एकरूपता कायम गर्नुपर्छ।

ज. स्रोत साधनको अभाव र संगठनात्मक कमजोरी हटाउन चालिने दीर्घकालीन योजनाहरू:

- शक्तिशाली स्वायत्त निकायको स्थापना : सडक सुरक्षाको मात्र जिम्मेवारी लिने एउटा छुट्टै र शक्तिशाली सडक सुरक्षा परिषद् वा स्वायत्त निकायको गठन गरि अधिकार सम्पन्न निकायको स्थापना गर्नु पर्दछ।
- **प्रविधिमा लगानी:** सडक सुरक्षालाई मानवीय निगरानीबाट प्रविधिमा आधारित (CCTV, राडर गन, र आधुनिक ट्राफिक व्यवस्थापन प्रणाली, AI मा आधारित प्रणालीसँग आबद्धता गराउने, ANPR (Automatic Number Plate Recognition) तथा Face Recognition etc. बनाउने रणनीतिक योजना तयार गर्नुपर्छ।
- **बजेट विनियोजन :** सडक पूर्वाधार र सुरक्षा उपकरणका लागि वार्षिक रूपमा निश्चित प्रतिशत बजेट अनिवार्य रूपमा छुट्याउनु आवश्यक छ।
- **दक्ष जनशक्ति र तालिम:** ट्राफिक प्रहरी र सम्बन्धित कर्मचारीहरूका लागि सडक दुर्घटना अनुसन्धान र आधुनिक प्रविधिको प्रयोग सम्बन्धी नियमित र उच्चस्तरीय तालिम प्रदान गर्नु पर्दछ।
- **पूर्वाधार सुधार:** सडकमा पर्याप्त जेब्रा क्रसिङ्ग, ट्राफिक बत्ति ,सडक चिन्ह (Road Signs) र फुटपाथको उचित व्यवस्थापन गर्नु पर्दछ।
- **आधुनिक उपकरणको प्रयोग:** डयुटीमा रहेका प्रहरीहरूलाई ब्रेथलाइजर (Breathalyzer), राडर गन र बडी वर्न क्यामरा (Body Worn Camera) जस्ता सामाग्री पर्याप्त उपलब्धताको सुनिश्चित गर्नु पर्दछ।
- **जनचेतना अभियान:** विद्यालय स्तर देखि नै सडक सुरक्षा शिक्षा लागु गर्ने, आम नागरिकलाई ट्राफिक नियमबारे विभिन्न माध्यमबाट सचेत गराउनु आवश्यक छ।

### २.९.३. सत्र निष्कर्ष

क. सिसीटिभी क्यामेरा र राडर गन जस्ता आधुनिक उपकरणको बिस्तारले मानवीय कारबाही कम गरी नियमलाई थप पारदर्शी र सटिक बनाउनेछ ।

ख. डिमेरिट प्वाइन्ट र सवारी अनुमतिपत्र खारेजी जस्ता वैज्ञानिक दण्ड प्रणालीले चालकहरूलाई नियम पालना गर्न थप जिम्मेवार बनाउनेछ ।

ग. सडक सुरक्षा कुनै एक निकायको मात्र नभई बहु-निकाय समन्वयको विषय हो। तसर्थ एकीकृत राष्ट्रिय रणनीतिको कार्यान्वयनले मात्र दुर्घटना न्यूनीकरण र सुलभ यातायात लक्ष्य हासिल गर्न सकिन्छ ।

घ. ट्राफिक व्यवस्थापनलाई मानवीय निगरानी बाट प्रविधिमा आधारित (CCTV, राडर गन) बनाउनु र कार्यरत जनशक्तिलाई सडक दुर्घटना अनुसन्धान र आधुनिक प्रविधि बारे उच्चस्तरीय तालिम प्रदान गर्नु आजको आवश्यकता हो ।

ङ. सडक सुरक्षाको पुर्ण जिम्मेवारी बहन गर्ने गरी एक शक्तिशाली र स्वायत्त "सडक सुरक्षा परिषद्" वा निकायको स्थापना गर्नु अनिवार्य छ, जसले स्रोत र साधनको अभावलाई सम्बोधन गर्दै नीतिगत निर्णयहरू कार्यान्वयन गरोस् ।

च. सडक पूर्वाधार र सुरक्षाका लागि वार्षिक बजेटको निश्चित प्रतिशत अनिवार्य रूपमा विनियोजन गर्ने व्यवस्थाले योजनाहरूलाई थप प्रभावकारी बनाउनेछ ।

# अनुसूचीहरू

## अनुसूची १

### सम्मेलनको समय सारिणी

| सि.नं. | समय | मुक्तिनाथ हल | वक्ताहरू | सहजकर्ता | अअ विभाग बैठक कक्ष | वक्ताहरू | सहजकर्ता |
|---|---|---|---|---|---|---|---|
| पहिलो दिनः (मितिः २०८२/१०/२५ गते, आईतबार) | | | | | | | |
| १. | ०९:००-०९:३० | **उदघाटन सत्र (मुख्य हल) (माननीय गृहमन्त्री ओम प्रकाश अर्यालज्यूको प्रमुख आतिथ्यतामा)** | | | | | |
| २. | ०९:३०-११:३० | नेपाल प्रहरीको संचालन, सुपरिवेक्षण र समन्वयः क्षेत्र, विद्यमान अवस्था र सुधारका उपायहरू | | | अन्तर्राष्ट्रिय, क्षेत्रीय र राष्ट्रिय परिदृश्यमा सुरक्षा चुनौती र प्रहरी रणनीति | | |
| ३. | ११:३०-१२:३० | **दिवा खाना** | | | | | |
| ४. | १२:३०-१४:३० | अपराधका पारम्परिक र नविनतम प्रवृत्तिहरूः पहिचान, रोकथाम र अनुसन्धानका प्रहरी रणनीतिहरू | | | विरोध प्रदर्शन व्यवस्थापनः नागरिकको संवैधानिक अधिकारको संरक्षण र राज्यको अनिवार्य दायित्व निर्वाहको सन्दर्भमा प्रहरी परिचालन र शान्ति सुव्यवस्थाको दृष्टिकोण | | |
| ५. | १४:३०-१५:०० | **चिया ब्रेक** | | | | | |
| ६. | १५:००-१७:०० | विश्वास, सहकार्य र सुधार: नेपाल प्रहरी र नागरिक सम्बन्धको रूपान्तरण | | | नेपाल प्रहरीमा मानवश्रोत व्यवस्थापन: दक्ष, उच्च मनोबल र उत्प्रेरित जनशक्ति सुनिश्चित गर्ने रणनीतिहरू | | |
| दोस्रो दिनः (मितिः २०८२/१०/२६ गते, सोमबार) | | | | | | | |
| १. | ०९:३०-११:३० | नेपाल प्रहरीमा सूचना प्रविधि, सञ्चार र कृत्रिम बुद्धिमत्ता: सेवा प्रवाह, आन्तरिक व्यवस्थापन, सुरक्षा व्यवस्थापन र अपराध अनुसन्धानमा सम्भावना र चुनौतीहरू | | | विपद् व्यवस्थापनमा प्रथम उद्धारकका रूपमा नेपाल प्रहरी: क्षमता अभिवृद्धि, समन्वय, समुदाय सहकार्य र भावी आवश्यकताहरू<br>कानून कार्यान्वयन र अपराध अनुसन्धानमा मिडियाको भूमिका (मुख्य हल) | | |
| २. | ११३०-१२३० | **खाना ब्रेक** | | | | | |
| ३. | १२ ३०-१४३० | सडक सुरक्षा प्रवर्द्धनमा प्रहरी भूमिकाः सचेतना, प्रवर्तन र क्षति न्यूनिकरणको योजना | | | कानून कार्यान्वयन र अपराध अनुसन्धानमा मिडियाको भूमिका (मुख्य हल) | | |
| ४. | १४३०-१५०० | **चिया ब्रेक** | | | | | |
| ५. | १५००-१६०० | **समापन सत्र (मुख्य हल) (प्रहरी महानिरीक्षकज्यूको प्रमुख आतिथ्यतामा)** | | | | | |

## अनुसूची २
## सम्मेलन सत्रको रूपरेखा

**समय: २ घण्टा**

| | | |
|---|---|---|
| **सत्रको विषय** | | |
| **सत्र व्यवस्थापन र संयोजन** | प्रहरी अतिरिक्त महानिरीक्षक (हरेक सत्रमा सम्बन्धित विभागका प्रहरी अतिरिक्त महानिरीक्षकबाट | |
| **सहजकर्ता** | | |
| **प्यानल सदस्यहरू** | १ | |
| | २ | |
| | ३ | |

| | |
|---|---|
| सम्बन्धित विभागका प्रहरी अतिरिक्त महानिरीक्षकबाट सत्र परिचयात्मक मन्तव्य | ५ मिनेट |
| सहजकर्ताबाट विषयको पृष्ठभूमि र छलफलका प्रमुख बुँदाहरू (Guiding Questions) मा प्रकाश | ५ मिनट |
| प्यानल सदस्य १ बाट धारणा व्यक्त | १५ मिनट |
